# विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना

## मकवानपुर २०७६




# जिल्ला विपद् व्यवस्थापन समिति

## मकवानपुर

# विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना

## मकवानपुर २०७६


## जिल्ला विपद् ब्यवस्थापन समिति

मकवानपुर

दस्तावेज : जिल्ला आकस्मिक योजना मकवानपुर , २०६७

तयारी प्रकाशन : जिल्ला दैवी प्रकोप उद्धार समिति, मकवानपुर

प्रकाशन तथा परिमार्जन मिति :

पहिलोपटक : २०६७ असार

दोस्रोपटक : २०६८ असार (पुनरावलोकन तथा परिमार्जन सहित)

त्रेस्रोपटक : २०६९ आषाढ (पुनरावलोकन तथा परिमार्जन सहित)

चौथोपटक : २०७० आषाढ (पुनरावलोकन तथा परिमार्जन सहित)

पाँचौं पटक : २०७१ आषाढ (पुनरावलोकन तथा परिमार्जन सहित)

छैठौं पटक : २०७२ चैत्र (पुनरावलोकन तथा परिमार्जन सहित)

सातौंपटक : २०७३ श्रावण (पुनरावलोकन तथा परिमार्जन सहित)

आठौंपटक : २०७४ श्रावण (पुनरावलोकन तथा परिमार्जन सहित)

नवौंपटक : २०७६ असार (पुनरावलोकन तथा परिमार्जन सहित)

आर्थिक सहयोग

प्रथमपटक तयारी - २०६७ : प्लान इन्टरनेशनल नेपाल मकवानपुर कार्यक्रम एकाइ, हेटौंडा

पुनरावलोकन तथा परिमार्जन -२०६८: प्लान इन्टरनेशनल नेपाल मकवानपुर कार्यक्रम एकाइ, हेटौंडा
पुनरावलोकन तथा परिमार्जन -२०६९: प्लान इन्टरनेशनल नेपाल मकवानपुर कार्यक्रम एकाइ, हेटौंडा
पुनरावलोकन तथा परिमार्जन -२०७०: प्लान इन्टरनेशनल नेपाल मकवानपुर कार्यक्रम एकाइ, हेटौंडा
पुनरावलोकन तथा परिमार्जन -२०७१: प्लान इन्टरनेशनल नेपाल मकवानपुर कार्यक्रम एकाइ, हेटौंडा
पुनरावलोकन तथा परिमार्जन -२०७२: प्लान इन्टरनेशनल नेपाल मकवानपुर कार्यक्रम एकाइ, हेटौंडा

पुनरावलोकन तथा परिमार्जन -२०७३: प्लान इन्टरनेशनल नेपाल मकवानपुर कार्यक्रम एकाइ, हेटौंडा

पुनरावलोकन तथा परिमार्जन - २०७४: प्लान इन्टरनेशनल नेपाल र युसआइडी सवल परियोजना मकवानपुर

पुनरावलोकन तथा परिमार्जन - २०७६: प्लान इन्टरनेशनल नेपाल, राडो नेपाल, आइ भिडि यस सवल परियोजना, सिसिडिएन प्रयास परियोजना, नेपाल रेडक्रस सोसाइटी/क्याड्रे मकवानपुर

फोन नं. ०५७ -५२७५११



# आन्तरिक मामिला तथा कानून मन्त्रालय
## प्रदेश नं. ३, हेटौंडा, मकवानपुर

## शुभ-कामना

जिल्ला प्रकोप व्यवस्थापन समिति  मकवानपुरद्वारा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना प्रकाशन हुन लागेको थाहा पाउँदा अत्यन्तै खुसी लागेको छ ।

नेपाल बहु प्रकोप जोखिमयुक्त देशहरुमध्ये उच्च जोखिममा रहेको देश हो । यहाँको भौगोलिक बनौट संवेदनशील एवं जोखिमयुक्त रहेको छ । एकातिर विषम भौगोलिक बनौट, अर्को तर्फ विकासका नाममा भईरहेको विनाश, ग्लोवल वार्मिङ्ग, जलवायु परिवर्तन लगायतका कारण वर्षेनी धेरै जनधनको क्षति भैरहेको अवस्था छ । खासगरी बाढी, पहिरो, भू-कम्प, चटयाङ, हावाहुरी, आगलागी जस्ता विपद् नेपाल राज्य र यस प्रदेशको समेत प्रमुख चुनौती रही आएको छ ।

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाले विपद् जोखिम न्यूनिकरण गर्न विपद् पूर्व, विपद्को समयमा र विपद् पश्चात गरिने कृयाकलापहरुमा संलग्न हुने निकाय, संघ-संस्था र अधिकारी एवं सर्वसाधारणको जिम्मेवारी र दायित्व स्पष्ट गरी मार्ग निर्देश गर्न सकोस भन्ने कामना गर्दछु । विपद् जोखिम न्यूनिकरण गर्ने कार्यमा प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सधैं सहयोगी भूमिकामा रहने प्रतिवद्धताका साथ विपद् प्रतिकार्य योजनाको कार्यान्वयनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु ।

शालिकराम जम्कट्टेल
मा. मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या :- ०७४/७५
च.नं. :-

मिति :- २०७६/०३/०८

## मन्तव्य

विपद्‌बाट हुने जोखिम न्यूनीकरणलाई दीगो विकास लक्ष्यले महत्वपूर्णरुपमा लिएको छ । विश्वव्यापीरुपमा बढ्दै गइरहेका विपद्का घटनाहरु र यसबाट हुने क्षति कम गर्न संयुक्त प्रयास सञ्चालन गर्नु पर्नेमा विश्व जनमत एक रहेको छ ।

मकवानपुर जिल्ला बाढी, पहिरो, डुबान, चट्याङ, भूकम्प, आगलागी जस्ता विपद्का दृष्टिले अत्यन्तै जोखिमपूर्ण जिल्लाका रुपमा परिचित रहेको छ । यी जोखिमहरुलाई कम गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्‌बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि सम्पूर्ण सरोकारवालाहरुको सहभागिता, छलफल र अथक प्रयास, जिल्ला विपद् व्यवस्थापन समिति, मकवानपुरको नेतृत्व र जिल्ला अगुवा सहयोगी संस्था प्लान इन्टरनेशनल नेपालको सहयोगमा नेपाल सरकार गृह मन्त्रालयले तयार पारेको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ अनुसार यस जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७६ (परिमार्जित तथा अद्यावधिक) तयार गरिएको छ ।

मकवानपुर जिल्लामा विगतमा आएका विपद्का घटनाहरुलाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरणका लागि विपद् पूर्व, विपद्को अवस्था र विपद् पश्चात गर्नुपर्ने क्रियाकलापहरुलाई व्यवस्थित रुपले सञ्चालन गर्नका लागि गृह मन्त्रालयले निर्दिष्ट गरेको क्षेत्रगत अवधारणा अनुरुप कार्य भइरहेको छ । सोही अनुसार जिम्मेवारी सहितको क्षेत्र र क्षेत्रगत अगुवा चयन गरी क्षेत्रगत समितिको बैठकबाट भएको छलफलबाट यो योजना तर्जुमा गरिएको हो । यस योजनाले स्रोत साधन आँकलन, जोखिम न्युनीकरणका लागि प्राथामिकता निर्धारण र आवश्यक कार्यहरु पहिचान गरेको छ । साथै समुदाय तहसम्म विपद् व्यवस्थापनसम्बन्धी चेतना विस्तार गर्ने तथा केन्द्र, जिल्ला, स्थानीय तह र समुदायमा समन्वय स्थापना गरी विपद्को सामनाका लागि क्षमता अभिवृद्धि गर्ने ध्येयसमेत यस योजनाले लिएको छ । जिल्ला विप् व्यवस्थापन समितिबाट पारित यो विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना एक महत्वपूर्ण दस्तावेजका रुपमा रहेको छ ।

अन्तमा यस योजना तर्जुमा कार्यमा संलग्न भई आफ्नो अमूल्य समय र सुझाव प्रदान गर्नुहुने सम्पूर्ण जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु, निजि क्षेत्र, सञ्चार क्षेत्र, गैरसरकारी संघ संस्था, अन्य सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी यस प्रक्रियामा आर्थिक र व्यवस्थापकीय सहयोग गर्ने प्लान इन्टरनेशनल नेपाल, राडो नेपाल, IVDS, सामुदायिक विकास केन्द्र (सीसीडीएन) लाई पनि धन्यवाद व्यक्त गर्दछु । यो योजना कार्यान्वयन गरी मकवानपुर जिल्लालाई प्राकृतिक तथा गैर प्राकृतिक विपद्का दृष्टिले सुरक्षित राख्नका लागि सबै पक्षको आ-आफ्नो जिम्मेवारी अनुसारको सहभागिता र सक्रियताको लागि आव्हान समेत गर्दछु ।

२०७६।०३।०८
.........
अस्मान तामाङ
प्रमुख जिल्ला अधिकारी तथा अध्यक्ष
जिल्ला दैवी प्रकोप उद्धार समिति, मकवानपुर

# शुभकामना

प्रकृतिको प्रवृत्ति बुझ्न कठिन छ । कति खेर, कुन रुपमा कसरी विपद् निम्तिन्छ भन्न कठिन छ । यो खवर गरेर निम्तो दिएर योजनावद्ध रुपमा आउने विषय हैन । अचानक, आकस्मिक रुपमा आउने विपद्ले धेरैको हताहत हुनुका साथै धेरै धनजनको क्षति गराउदछ । यस्ता प्राकृतिक प्रकोपहरुलाई विभिन्न विधिहरु प्रयोग गरेर न्यूनिकरण र व्यवस्थापन गरी बढी नोक्सान हुनबाट बचाउन भने सकिन्छ । बर्षेनी हुने विपद् कारण जिल्लामा धेरै मानवीय, आर्थिकर भौतिक क्षति हुँदै आएको छ । प्राकृतिक तथा मानव सिर्जितप्रकोपका कारणखासगरी भूक्षय, बाढी पहिरो, चट्यागं, आगजनि जस्ता घटनाहरुबाट सिर्जित विपद्ले जनधनको ठूलो क्षति हुने गरेको हो । मकवानपुर जिल्लामा बाढी, पहिरो, चट्यांग र डढेलो जस्ता प्रकोपका कारण बर्षेनी ठूलो धनजनको नोक्सानी हुने गरेको छ ।

जिल्लाको समग्र वस्तुगत अवस्था प्रकोपबाट विपद् उत्पन्न हुन सक्ने क्षेत्रतर्फ उन्मुख रहेका छन् भन्दा अत्युक्ति नहोला । मानिस, सम्पत्ति, प्रणाली वा अन्य तत्वह¿ जोखिमको सम्मुख रहेका र प्रकोपबाट उत्पन्न हुन सक्ने विपद्बाट प्रभावित रहेका छन् । समुदायलाई विपदको पूर्वानुमान, विपदको सामना तथा पूर्ववत अवस्थामा फर्काउन सक्ने उत्थानशील क्षमताको विकास गर्नु आजको आवश्यकता हो ।

मकवानपुर जिल्लाले विभिन्न सरोकारवालासँगको गहन अन्तर्क्रियामार्फत् जिल्ला आपत्कालीन कार्ययोजना तर्जुमा गरी यसलाई समयसापेक्ष बनाउँदै र अद्यावधिक गर्दै विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७४ लाई जिल्ला विपद् व्यवस्थापन समिति र क्लष्टरहरुको बैठकबाट पुनावलोकन गरी अद्यावधिक गरिएकोमा यसको व्यवहारिक कार्यान्वयनमा सहजताको शुभकामना व्यक्त गर्न चाहान्छौ ।

सम्भावित प्रकोपका घटनाबाट उत्पन्न विपद्को सामना गर्न तथा विपद्बाट हुनसक्ने जनधनको क्षति कम गर्न, मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउने कार्यमा यस विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७४ सार्थक रहने छ भन्ने विश्वास लिएका छौं ।

अन्तमा यस विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६ तयार गर्ने क्रममा आफ्ना अमूल्य सुझाव सहित सक्रियताका साथ लागि पर्नुहुने जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरु, पालिकाका प्रमुख, राजनीतिक दलका, स्थानीय तहका प्रमुखहरु, सामाजिक संघ संस्था, संचार क्षेत्र, निजी क्षेत्रलगायत सम्पुर्ण सरोकारवालाहरुको सहभागिता, छलफल र अथक प्रयास, जिल्ला विपद् व्यवस्थापन समिति मकवनपुरको नेतृत्व र जिल्ला अगुवा सहयोगी सस्था प्लान नेपालको सहयोगमा नेपाल सरकार गृह मन्त्रालयले तयार पारेको विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ अनुसार यस जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७४ लाई परिमार्जन गरी अद्यावधिक गर्ने कार्य संपन्न गर्न सफल भएका छौं । यसको सफल कार्यान्वयनको लागि पनि सबैको उत्तिकै खांचो पर्दछ ।

धन्यवाद् ।

रघुनाथ खुलाल
प्रमुख
जिल्ला समन्वय समिति, मकवानपुर

# विषय सूची

**खण्ड : एक**

पृष्ठभूमिः १

१. परिचयः १

१.१ उद्देश्यः २

१.२ आवश्यकता तथा महत्वः २

१.३ लक्षित समूहः २

१.४ योजनाका सीमाः ३

१.५ योजना तर्जुमा प्रक्रिया र सहभागिताः ३

१.६ योजना तर्जुमाका प्रक्रिया तथा चरणहरू : ३

१.७ संलग्न सरोकारवालाहरू : ३

१.८ जिल्लाको सामान्य परिचयः ४

१.९ योजनाको अपेक्षित नतिजाः ५

**खण्ड : दुई**

सामान्य पूर्व तयारी योजना

२.१ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजाः ६

२.२ दस्तावेजहरूको अध्ययनः ६

२.३ वैठकका निर्णयहरू ६

२.४ प्रकोप जोखिम विश्लेषणः ७

२.५ मकवानपुर जिल्लाको गापा/नपा/ उपमहानगरपालिका स्तरीय सङ्कटाभिखुताको अवस्था : ८

२.६ परिस्थिति तथा योजना तर्जुमासम्बन्धी पूर्वानुमान १२

२.७ तह तथा निकायगत भूमिका तथा जिम्मेवारी १४

२.७.१ जिल्ला विपद् व्यवस्थापन समितिको भूमिका जिम्मेवारीः १४

२.७.२ विपद् न्यूनीकरणमा जिल्ला विपद् व्यवस्थापन समितिको जिम्मेवारीः १४

२.७.३ जिल्ला क्षेत्रगत अगुवा संस्थाको भूमिका तथा जिम्मेवारी १४

२.७.४ क्षेत्रगत निकायहरूको नक्साङ्कन तथा स्रोतसाधनको आङ्कलन १५

२.७.५सहयोगी निकायहरूमा अपुग/अभाव (GAP) देखिएका सामग्री, स्रोत साधन र क्षमता १५
२.७.६ सामान्य प्राथमिकता प्राप्त पूर्व तयारी कार्य १६
**खण्ड- तीन**
**क्षेत्रगत अवधारणा र उद्देश्य**
३.१ क्षेत्रगत अवधारणा तथा क्षेत्र परिचय १९
३.१.१ क्षेत्रगत अवधारणाका विशेषताहरुः १९
३.१.२ क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्य : १९
३.१.३ क्षेत्रगत अवधारणाको आवश्यकता तथा महत्वः १९
**खण्ड- चार**
**क्षेत्रगत उद्देश्य र योजना**
४.१ सूचना समन्वय र खोज तथा उद्धार क्षेत्र २१
४.१.१ सूचना र समन्वय क्षेत्र २१
४.१.२ खोज तथा उद्धार ३३
४.२. कृषि तथा खाद्य क्षेत्र ४१
४.२.१ खाद्य, कृषि तथा पशु क्षेत्रसँग रहेको विद्यमान स्रोत तथा क्षमताको सूची ४२
४.२.२ क्षेत्रगत समितिको संरचना ४३
४.२.३ पूर्व तयारी कार्ययोजना ४४
४.२.४ प्रतिकार्य कार्ययोजना ४५
४.२.५ बजेट अनुमान ४६
४.२.६ भूकम्पको क्षेत्रमा पूर्व तयारी तथा प्रतिकार्य योजना ४७
४.२.७ कृषि तथा पशु सेवाको क्षेत्र ५०
४.३. आवास तथा गैर खाद्य सामग्री क्षेत्र ५२
४.३.१. आवास तथा गैरखाद्य क्षेत्रसँग रहेको विद्यमान क्षमता तथा स्रोतहरू ५३
४.३.२ क्षेत्रगत समितिको संरचना ५४
४.३.३ पूर्व तयारी कार्ययोजना ५५
४.३.४ प्रतिकार्य योजना ५६
४.३.५ बजेट अनुमान ५७
४.३.६ भूकम्पको क्षेत्रमा पूर्व तयारी तथा प्रतिकार्य योजना ५९

४.४. स्वास्थ्य तथा पोषण क्षेत्र ६०
४.४.१ स्वास्थ्य तथा पोषण क्षेत्रसँग रहेको विद्यमान स्रोत तथा क्षमताको सूची ६२
४.४.२ क्षेत्रगत समितिको संरचना ६३
४.४.३ पूर्व तयारी कार्ययोजना ६४
४.४.४ प्रतिकार्य कार्ययोजना ६५
४.४.५ बजेट अनुमान ६६
४.४.६ भूकम्पको क्षेत्रमा पूर्व तयारी तथा प्रतिकार्य योजना ६८
४.४.७ पोषण क्षेत्रका योजना ७०
४.५. खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र ७७
४.५.१ उपलब्ध श्रोत साधन र क्षमता ७९
४.५.२ क्षेत्रगत समितिको संरचना ८०
४.५.३ पूर्व तयारी कार्ययोजना ८०
४.५.४ प्रतिकार्य योजना ८२
४.५.५ बजेट अनुमान ८४
४.५.६ भूकम्पको क्षेत्रमा पूर्व तयारी तथा प्रतिकार्य योजना ८६
४.६. शिक्षा तथा संरक्षण क्षेत्र ८६
४.६.१ शिक्षा तथा संरक्षण क्षेत्रसँग रहेको विद्यमान श्रोत तथा क्षमताको सूची ८८
४.६.२ क्षेत्रगत समितिको संरचना ९१
४.६.३ पूर्व तयारी कार्ययोजना ९२
४.६.४ प्रतिकार्य कार्ययोजना ९३
४.६.५ बजेट अनुमान ९५
४.६.६ भूकम्पको क्षेत्रमा पूर्व तयारी तथा प्रतिकार्य योजना ९७
४.७. प्रबन्ध व्यवस्थापन र पुनर्लाभ ९९
४.७.१ प्रबन्ध व्यवस्थापन र पुनर्लाभ क्षेत्र गत समितिको संरचना १००
४.७.२ प्रबन्ध व्यवस्थापन क्षेत्रको विद्यमान श्रोत तथा क्षमता १०१
४.७.३ पूर्व तयारी कार्ययोजना १०१
४.७.४ प्रतिकार्य योजना १०२
४.७.५ बजेट अनुमान १०२

४.७.६ भूकम्पको क्षेत्रमा पूर्व तयारी तथा प्रतिकार्य योजना १०२
४.७.२ तत्काल मर्मत तथा पुनर्लाभ क्षेत्र १०३

**खण्ड : पाँच**

**कार्यान्वयन तथा पुनरावलोकन रणनीति**

५. कार्यान्वयन तथा पुनरावलोकन रणनीति १०८
५.१ विपद् पूर्व तयारी योजनाको क्रियाशीलता १०८
५.२ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन १०८
५.३ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधि १०८
५.४ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयन अनुगमन १०९

**खण्ड : ६**

**प्रतिवेदन तथा अभिलेखीकरण**

६.१ प्रतिवेदन ११०
६.२ सञ्चार ११०
६.३ अभिलेखीकरण ११०
६.४ अनुमोदन प्रक्रिया ११०

**७. सन्दर्भ सामग्रीहरू (अनुसूचीहरू)** १११

अनुसूची १ : विपदसम्बन्धी प्रमुख शब्दावली १११

# खण्ड : एक

## पृष्ठभूमि:

प्रकोप भनेको त्यस्तो घटना वा परिस्थिति हो, जसमा क्षति र हताहत गराउने, सम्पत्ति एवम् वातावरण नस्ट गर्ने सम्भावना हुन्छ भने प्रकोपका कारण सृजित विपद्ले समाजको क्रियाकलापमा गम्भीर अवरोध उत्पन्न हुन्छ, जसले गर्दा अधिक मानवीय, वस्तुगत र वातावरणीय क्षति हुन्छ । विपद्को सामना आफ्नै स्रोतमात्र प्रयोग गरेर गर्न कठिन हुन्छ । नेपाल भूकम्पीय जोखिमका दृष्टिले विश्वमा ११ औं, पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसाबले ३० औं र जलवायु परिवर्तन प्रभावका हिसाबले चौँथो स्थानमा रहेको छ । यो जिल्ला देशको झापा पछाडि चट्याङका दृष्टिले दोस्रो प्रभावित जिल्ला हो । यस्ता प्रकोपबाट डरलाग्दा परिघटना, वस्तु, मानवीय क्रियाकलाप, वा परिस्थिति सृजना भई ज्यानको नोक्सानी, घाइते, स्वास्थ्यमा असर, सम्पत्तिको क्षतिको अधिक सम्भावना रहेको पाइन्छ । प्रकोपले विपद् त्यतिबेला उत्पन्न गर्न सक्छ जुनबेला त्यस प्रकोप नजिक रहेका व्यक्ति र समाज प्रभावित भई आफैं सम्हालिन सक्दैनन् ।
विपद् भनेको यस्तो आपत्तिपूर्ण अवस्था हो जसले गर्दा एकाएक समुदायको दैनिक दिनचर्या खल्बलिन्छ र मानिसहरू निसहाय हुन्छन्, जस्तो खानापिना, लुगाफाटो, घरबास, औषधोपचार, सुरक्षा जस्ता आवश्यकीय प्रणाली एकाएक अवरुद्ध हुन्छन् र परिवारभित्र वा समुदायमा यी सुविधाहरू परिपूर्ति गर्ने क्षमता रहँदैन । जसबाट जनधन, वातावरणको ठूलो क्षति हुन्छ । प्रभावित समाज वा समुदायको आफ्नै बलबुता र स्रोत साधनको प्रयोग गरी सामना गर्न सक्ने प्रकोपजन्य घटना र त्यसबाट हुनसक्ने मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति जसले गर्दा सामान्य सामाजिक अवस्था अवरुद्ध हुनेछ ।

विपद् पूर्व तयारीले सरकार, समुदाय, व्यक्तिहरूलाई विपद्को अवस्थामा प्रभावकारीरुपले सामना गर्न सक्ने क्षमता बडाउन सहयोग गर्दछ । पूर्व तयारीभित्र आपतकालीन योजनाको निर्माण, सचेत गराउने प्रणालीको विकास र अभिलेखको व्यवस्था पर्दछ । विपद्लाई आपतकालीन व्यवस्थापन गर्न र विपद्को समयमा खोज, उद्धार, राहत जस्ता कार्य गर्नकासाथै उत्थानशील समुदायको निर्माणका लागि विपद् प्रतिकार्य योजना आवश्यक पर्दछ। विपद् व्यवस्थापनका विभिन्न चरणमा गरिने कार्यहरूमध्ये विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना एक सानो अंश मात्र हो। यस योजनाले विपद् पर्नु पहिले र विपद्को तत्कालीन प्रभाव समाप्त नभएसम्म गरिने कार्यबाहेक अन्य विषयलाई समेटेको हुँदैन । विपद्मा परेका व्यक्ति तथा समुदायको तत्काल खोजी र उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउन जिल्लामा रहेका सरकारी, गैरसरकारी निकाय तथा स्थानीय तह र निजी क्षेत्रका सरोकारवालाहरूको संलग्नता अभिवृद्धि गरी विपद्बाट प्रभावित परिवारहरूलाई सहयोग गर्नुपर्ने आवशयकता महसुस गर्दै विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७३ लाई परिमार्जन र अध्यावधिकसहित यो विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ परिमार्जन गरिएको हो ।

## १. परिचय:

नेपालमा विपद् व्यवस्थापनका लागि राष्ट्रिय तहका कार्यक्रम तय हुँदै गर्दा विभिन्न जिल्ला, नपा र गापामा समेत योजना र कार्यक्रमको तयारी र कार्यान्वयन प्रक्रिया अघि बढिरहेका छन् । राज्यको ३ नं प्रदेशमा रहेको मकवानपुर जिल्लाले विभिन्न सरोकारवालासँगको अन्तर्क्रियामार्फत् जिल्ला आपतकालीन कार्ययोजना २०६७ तर्जुमा गरी यसलाई समयसापेक्ष बनाउनका लागि २०६८ मा जिल्ला स्तरीय सरोकारवालाहरूको छलफल, बैठक तथा जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरको पहलमा भएको कार्यशालाले यसलाई परिमार्जन तथा परिष्कृत गरी नामसमेत परिवर्तन गरी जिल्ला स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०६८ तयार गरेको थियो । प्रत्येक वर्ष योजनालाई अद्यावधिक गर्नुपर्ने गृह मन्त्रालयको निर्देशनानुसार विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ लाई जिल्ला विपद् व्यवस्थापन समिति र क्लष्टरहरुको बैठकबाट पुनावलोकन गरी अद्यावधिक गरिएको छ ।

प्रस्तुत योजनाले विपद् परिरहेको समयमा र विपद्बाट उत्पन्न असहज अवस्थामा आधारभूत मानवीय सेवा उपलब्ध गराउने कार्यलाई योजनाबद्ध कार्यान्वयनको खाका तयार गर्छ । यद्यपि, विपद् र त्यसबाट उत्पन्न असहज अवस्थामा मानव जीवनको रक्षा गर्नु यस योजनाको प्रमुख लक्ष्य भएकाले यसको महत्वपूर्ण भूमिका रहन्छ । विपद्का विगतका अनुभवका आधारमा मानवीय सहयोगलाई व्यवस्थित बनाउन जिल्ला विपद् व्यवस्थापन समितिले विगतमा तयार भएको योजनाको परिमार्जन गरेको छ ।

## १.१ उद्देश्यः

सम्भावित प्रकोपका घटनाबाट उत्पन्न विपद्को सामना गर्न तथा विपद्बाट हुन सक्ने जनधनको क्षति कम गर्न, मानिसमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ। यस योजनाका पूरक उद्देश्य निम्नअनुसार छन् :

- विपद्बाट हुने क्षति कम गर्न समुदायमा पूर्व तयारीका कार्यहरू गराउनु,
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउनु,
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि आधारभूत सहयोग उपलब्ध गराउनु,
- उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन-स्रोतको खोजी गरी नेपाल सरकार र जिल्ला दैवी प्रकोप उद्धार समितिबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकायहरुसँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु,
- जिल्ला स्थित जोखिममा रहेका स्थानीय तहहरुको विपद्को परिस्थिति हेरी सङ्कटाभिमुखता विश्लेषण गरी स्थानीय श्रोत साधन र क्षमताको पहिचान गर्ने ।

## १.२ आवश्यकता तथा महत्वः

विपद् व्यवस्थापनभित्र गरिने विभिन्न चरणका कार्यमध्ये पूर्व तयारी प्रकोप आउनुभन्दा अगाडि र प्रतिकार्य योजना विपद् परे लगत्तै, स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्पछिको समय ज्यादै संवेदनशील भएकाले यस समयमा गरिने मानवीय सहयोग महत्वपूर्ण हुने हुनाले यस योजनाको ठूलो महत्व रहन्छ । विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको तल उल्लेखित महत्वले यसको आवश्यकता पुष्टि गर्दछ ।

- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।
- विपद्को जोखिम कम गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ ।
- प्रभावित लाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- उद्दार र राहतजस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ ।
- आपतकालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धि गर्न सहयोग गर्छ ।
- स्रोतको सही सदुपयोग गर्ने मार्गदर्शन दिन्छ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेहीता र उत्तरदायित्वको भावनाको विकास गराउँछ ।

## १.३ लक्षित समूहः

यस योजनाले लक्षित गरेको समूह निम्नअनुसार छन् :

- विपद्को उच्च जोखिममा रहेका जिल्लाका ८ वटा गाउँपालिकाका ५३ वटा वडाहरु, थाहा नगरपालिकाका ५ वटा वडा र हेटौंडा उपमहानगरपालिकाका ९ वटा वडाका करिब ५० हजार मानिस ।
- जिल्ला विपद् व्यवस्थापन समिति र क्षेत्रगत सदस्य योजना कार्यान्वयनको दृष्टिले लक्षित निकाय हुन् ।
- मकवानपुर जिल्लाभित्र विपद् व्यवस्थापनका साथै सामाजिक तथा आर्थिक विकासको लक्ष्य लिएर काम गर्ने राष्ट्रिय, स्थानीय गैरसरकारी संस्था, दातृ निकाय र निजी क्षेत्रलाई समेत योजनाले मार्गदर्शन गर्ने भएकाले यो समूह पनि यस योजनाको लक्षित समूहभित्र पर्दछन् ।
- मानवीय सहयोगका कार्यमा नेपाल सरकार पहिलो जिम्मेवार तह भएकाले सरकार र यसका सबै तहहरु कार्यान्वयन र सहयोगको दृष्टिले लक्षित समूहभित्र पर्छ ।

### १.४ योजनाका सीमाः

सबै विषयका आफ्नै महत्व र सीमा हुन्छन् । यस योजनाका पनि निम्नअनुसार सीमा रहेका छन् :

१. यस योजनाको लक्षित जनसङ्ख्या ५० हजार रहेको र जिल्लाका ८ वटा गाउँपालिका र हेटौंडा तथा थाहा नगरपालिका जोखिममा रहेको आँकलन गरिएका वाहेकका थप जनसङ्ख्यासमेत प्रभावित हुने सम्भावना छ ।

३. जिल्लाको विपद्को सबभन्दा खराब परिस्थितिलाई अनुमान गरी बनाइएको हुँदा यसमा उल्लिखित क्रियाकलाप तथा बजेट महत्वकांक्षी रहेको ।

४. विपद् प्रतिकार्य योजना प्रत्यक्ष विकास-निर्माणसँग सम्बन्धित नभएर विपद्को समयमा मात्र कार्यान्वयनमा आउने भएकाले विपद् नपरेमा यसका प्रतिकार्यसँग सम्बन्धित सबै प्रावधान निस्क्रिय रहनेछन् ।

५. योजना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताअनुरुप क्षेत्रगत (Cluster) अवधारणाअन्तर्गत तर्जुमा गरिएको छ । जिल्लास्थित सरकारी निकाय, स्थानीय तह तथा संस्थाले आफ्नो नेतृत्वलाई प्रभावकारी नबनाएमा क्षेत्रगत अवधारणाको कार्यान्वयन प्रभावकारी बनाउन क्षमता अभिवृद्धिका कार्यमा जोड दिनु पर्ने हुन्छ ।

६. विपद् परिहालेको अवस्थामा योजनाअनुरुप मानवीय सहयोग उपलब्ध गराउन जिल्ला दैवी प्रकोप उद्धार समितिसँग स्रोतको अभाव हुने भएकाले योजनाअनुरुप विपद् प्रतिकार्यका कार्यक्रम सञ्चालन गर्न सरकार, केन्द्रीय दैवी प्रकोप उद्धार समिति र दाताको सहयोग लिनुपर्ने सम्भावना हन्छ ।

८. प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन गर्न जिल्ला दैवी प्रकोप उद्धार समितिलाई क्षेत्रगत रूपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नु पर्ने अवस्था रहन्छ, जुन उपलब्ध हुन्छ नै भनेर निर्क्योल गर्न सकिँदैन ।

### १.५ योजना तर्जुमा प्रक्रिया र सहभागिताः

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने कार्य २०६६ सालमा नेपाल सरकार र डीपीनेट नेपालको संयुक्त आयोजनामा भएको हो । मनसुन पूर्व प्रकोप पूर्व तयारी राष्ट्रिय कार्यशालाले सङ्कटासन्न जिल्लाहरूमा आपतकालीन योजना तर्जुमा गर्दै जाने निर्णय गरेपछि प्रारम्भ भएको थियो । यस निर्णयलाई कार्यान्वयन गर्ने क्रममा प्लान इन्टरनेशनल मकवानपुर कार्यक्रम इकाईको आर्थिक तथा प्राविधिक सहयोगमा सरोकारवालाहरूको सहभागितात्मक कार्यशालाबाट २०६७ सालमा मकवानपुर जिल्लामा पनि आपतकालीन योजना तर्जुमा भयो । योजना तर्जुमा प्रक्रियालाई सहभागितामूलक बनाउन यसको सम्पूर्ण प्रक्रियालाई जिल्ला दैवी प्रकोप उद्धार समितिले नेतृत्व लिएर काम सम्पन्न गरेको थियो । आपतकालीन योजना २०६७ र २०७४ लाई क्रमशः परिष्कृत र परिमार्जन गर्दै **"जिल्ला स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना -२०७६"** तयार गरिएको हो ।

### १.६ योजना तर्जुमाका प्रक्रिया तथा चरणहरू :

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको आयोजना
- सूचना तथा तथ्याङ्कमाथि छलफल, पुनरावलोकन तथा परिमार्जन र जिल्लाका सङ्कटासन्न गाउँपालिकाहरू पहिचान तथा जोखिमको स्तरीकरण
- स्रोत, साधन र क्षमताको नक्सांकन, विपद् पश्चात् कार्य गर्न क्षेत्र निर्धारण र क्षेत्रगत अगुवाहरुको बैठक तथा पुनरावलोकन तथा परिमार्जन गरी योजनाको तयारी
- क्षेत्रगत सूचनाहरूको आधारमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको खाकामाथि पुनरावलोकन तथा परिमार्जनका साथ तयारी
- योजनाको अन्तिम रुप प्रदान गर्न कार्यशालाको आयोजना र जिल्ला जिल्ला विपद् व्यवस्थापन समितिबाट पारित ।

### १.७ संलग्न सरोकारवालाहरू :

- योजना तर्जुमा प्रक्रियालाई जिल्लामा सथित जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्व,
- राजनीतिक दल, स्थानीय तह, उद्योगी, व्यापारी र नागरिक समाजका प्रतिनिधि, पत्रकार, सामाजिक सङ्घसंस्था तथा प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूको प्रत्यक्ष सहभागिता,
- जिल्लास्थित सुरक्षा तह (नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी बल) का प्रतिनिधिहरूको सहभागिता,

- जिल्लास्थित सरकारी निकायका प्रतिनिधि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा नागरिक समाजको सक्रिय सहभागिता ।
- वि.सं. २०६७ देखि निरन्तर रुपमा जिल्ला अगुवा सहयोगी संस्थाका रुपमा प्लान इन्टरनेशनल मकवानपुर, राडो नेपाल, आइ भि डि यस सवल परियोजना, सि सि डि यन प्रयास परियोजना र नेपाल रेडक्रस सोसाइटी ।

## १.८ जिल्लाको सामान्य परिचयः

### १.८.१ अवस्थितिः

- प्रदेश नं. : ३
- जिल्ला : मकवानपुर
- क्षेत्रफल : २४२६ वर्ग किमि
- गाउँपालिका : ८
- नगरपालिका : १
- उपमहानगरपालिका : १
- अक्षांश : २७°१०' देखि २७°४०'(उत्तरी)
- देशान्तर : ८४° ४१' देखि ८५° ३१'(पूर्वी)
- सिमाना छुने जिल्लाहरु : पूर्वमा काभ्रे र सिन्धुली, पश्चिममा चितवन र धादिङ उत्तरमा काठमाडौं र ललितपुर तथा दक्षिणमा बारा, पर्सा र रौतहट
- पहाडी शृङ्खला : उत्तरी भाग पूर्वपश्चिम फैलिएको महाभारत र दक्षिणी भागमा चुरे (शिवालिक)
- समुद्री सतहबाट उचाई : १६६ मिटरको होचो भूभागदेखि २५८४ मिटर उचाईसम्म

### १.८.२ भू-क्षेत्र नदी र जमिनको बर्गीकरण

- जिल्लाको जम्मा जमिन : २४४४५७ हेक्टर
- वनजङ्गल तथा बुट्यानले ढाकेको : १४४५५८ हेक्टर (५९.१४%)
- कृषि क्षेत्र : ६१४८९ हेक्टर (२५.१५ %)
- झाडी घाँसे मैदान : ४९६८ हेक्टर (२.०३%)
- खोलानाला, पहिरो र बगर क्षेत्र : १६७१० हेक्टर (६.८३%)
- औद्योगिक क्षेत्र : १६०७ हेक्टर (०.६६%)
- निकुञ्ज क्षेत्र : १५१२५ हेक्टर (६.१९%)
- भौगोलिक रुपमा विभाजन : मध्य पहाड रभित्रि मधेस
- पहाडी भूभाग : ७५ प्रतिशत
- समथर भूभाग : २५ प्रतिशत
- भौगोलिक बनावट : प्रकोपका दृष्टिकोणबाट अति संवेदनशील
- जम्मा नदी तथा खोला सङ्ख्या : १२५
- प्रमुख ३ ठूला नदी : बागमती, बकैया र राप्ती
- अन्य नदीका प्रकार : तीव्र बेगका नदी, खोलानाला र खहरेहरू
- नदीहरुको विशेषता : माटो, वालुवा तथा गेग्ग्रानहरूलाई बगाएर लैजाने
- बाढी तथा पहिरोबाट सुरक्षित भूभाग : ६.४९ प्रतिशत
- हावापानी : चुरे पहाडबाट क्रमशः उष्ण, समशितोष्ण र शितोष्ण
- तापक्रम : सुर्योदय र सुर्यास्तको समयमा अधिकतम गर्मीमा ३०.३ डिग्री सेल्सियस र न्यूनतम जाडोमा १६.६ डिग्री सेल्सियस
- औशत वर्षा : अधिकतम वार्षिक २५३५ मिलिमिटर

### १.८.३ जनसङ्ख्याको आकार, जाति, भाषा र मुख्य पेसा

- जम्मा जनसङ्ख्या : ४२०४७७ (राष्ट्रिय जनगणना २०६८ अनुसार)
- महिला जनसङ्ख्या : २१३७९३५ (५०.८५ प्रतिशत)
- पुरुष जनसङ्ख्या : २०६६८४ (४९.१५ प्रतिशत)
- घरधुरी सङ्ख्या : ८६१२७
- जिल्लाको जनघनत्व : १७३.३२ जना प्रति वर्ग कि. मी
- तामाङ जाति : ४७ प्रतिसत
- ब्राह्मण जाति : १४.९८ प्रतिशत
- क्षेत्री : १०.५६ प्रतिशत
- नेवार : ६.८१ प्रतिशत,
- मगर : ४.५६ प्रतिशत
- अन्य जातिहरू क्रमश : गुरुङ, माझी, दनुवार, दमाई, कामी, सार्की, चेपाङ, राई
- मुख्य भाषा : नेपाली
- अन्य भाषा क्रमश : तामाङ, मगर र अन्य भाषा
- आश्रित पेसा : कृषि

### १.९ योजनाको अपेक्षित नतिजाः

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ को प्रमुख उद्देश्य अनुसार मकवानपुर जिल्लामा तयार गरिएको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको प्रतिफल वा नतिजा निम्नानुसार अपेक्षा गरिएको छ। अर्थात योजना निर्माण प्रक्रियाको दौरानमा सरोकारवाला तहहरूले निम्न वमोजिमको उपलब्धि हासिल गर्नेछन् :-

- जिल्लामा कार्यरत मानवीय सहायतामा संलग्न निकायका बारे स्पष्ट जानकारी हुने,
- जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को सकृयता बढने,
- सरोकारवालाहरुको बीचमा समन्वयात्म बैठक वस्न सहजता हुने,
- जिल्लामा भएका पूर्व विपद्मा विपद् तयारी तथा प्रतिकार्य बारे जानकारी प्राप्त हुने र पुर्व तयारीमा जोड पुग्ने,
- मकवानपुर जिल्ला विपद् व्यवस्थापन समिति तथा विभिन्न क्लष्टरहरुको भूमिका र मानव स्रोतको स्पष्ट पहिचान हुने,
- विभिन्न प्रकोपबाट उच्च जोखिम रहेका स्थानहरु पहिचान गर्न अभिप्रेरित गराइने,
- जिल्ला दैवी प्रकोप उद्धार समितिले सबै विषयगत अगुवाहरूलाई विपद्को निश्चित प्रकृतिमा आधारित छुट्टाछुट्टै प्रतिकार्य योजना तर्जुमा तथा अद्यावधिक गर्न पहल गर्ने, सम्भावित क्षमता, साधन/स्रोतको आङ्कलन गर्ने,
- सबै क्षेत्रको बैठकको आयोजना र अन्तिम कार्यशालाको आयोजना गर्ने,
- प्रस्तावित ढाँचामा सम्भावित विपद्को प्रकृतिको आधारमा प्रतिकार्य योजना सबै विषयगत क्षेत्रले (Cluster) ले तय गर्ने र तय गरेको मस्यौदामा छलफल गरी सहमति निर्माण गर्ने,
- पारम्भिक द्रूत लेखाजोखा (IRA) बहु श्वेत्रगतदूत लेखाजोखा (MIRA), लक्षित क्षेत्र विश्लेषण (Cluster specific assessment) क्षति तथा आवश्यकता विश्लेषण जस्ता साझा मूल्याङ्कनका विधिमा सहमति निर्माण गर्ने,
- प्रतिकार्यको साझा मापदण्डका बारेमा सरोकारवालाहरुलाई एकरुपता गर्न जोड दिने,
- विस्थापितहरूलाई राख्नका लागि शिविरको स्थान पहिचान गर्ने,
- खोजी तथा उद्धार टोलीको गठन गरी क्षमता अभिवृद्धि गर्ने,
- जिल्ला पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अनुमोदन गर्ने,
- योजनाको अन्तिम दस्तावेज तयार गर्ने, छपाइ गर्ने र सबै सरोकारवाला तहमा वितरण गर्ने,
- जिल्ला दैवी प्रकोपउद्धार समितिका सदस्यहरूले कार्यशालाको गोष्ठी र बैठकबाट जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अनुमोदन गर्ने,
- योजनालाई स्थानीय तहहरुको सभाबाट अनुमोदन गराउनका लागि जिल्ला समन्वय समितिमा पेश गरिने,
- जिल्ला सभाले यो योजनालाई अनुमोदन गरी प्रत्येक गाउँ/नगर/उपमहानगरपालिकाको विकास योजनाको अभिन्न अङ्गका रुपमा ग्रहण गर्न र कार्यान्वयनका लागि समन्वय गर्ने,

# खण्ड : दुई
# सामान्य पूर्व तयारी योजना

## २.१ सन्दर्भ सामग्री पुनरावलोकनको नतिजाः

मुलुकमा आधिकारिक रूपले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने क्रम विगत केही वर्षदेखि विभिन्न जिल्लाबाट प्रारम्भ भएको हो । केन्द्रीय विपद् व्यवस्थापन समिति⁄ परिषद्बाट प्राप्त निर्देशिका अनुसार जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरले यस जिल्लाका प्रकोपको विभिन्न क्षेत्रमा काम गर्ने सरकारी निकाय, स्थानीय तह तथा राष्ट्रिय⁄अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाहरूको सहभागितामा र २०६७ सालमा पहिलोपटक विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गऱ्यो र २०६८ मा जिल्ला दैवी प्रकोप उद्धार समिति मकवानपुरको नेतृत्वमा योजनालाई विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ अनुरुप परिमार्जन गर्ने कार्य भयो र प्रत्येक वर्ष योजनालाई अद्यावधिक गर्नुपर्ने गृह मन्त्रालयको निर्देशन अनुसार यस वर्ष पनि विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरिएको हो ।

## २.२ दस्तावेजहरूको अध्ययनः

नेपाल सरकारबाट स्वीकृत विपद् व्यवस्थापन राष्ट्रिय रणनीति, दैवी प्रकोप उद्धार ऐन २०३९, ह्योगो कार्यसंरचना २००५-२०१५, सेन्डाइ कार्य संरचना २०१५-२०३०, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विगतमा बनेका विभिन्न जिल्लाका जिल्ला विपद् व्यवस्थापन योजना, नेपाल सरकार र प्रकोप पूर्व तयारी सञ्जाल नेपालद्वारा आयोजित मनसुन पूर्व प्रकोप पूर्व तयारी कार्यशाला तथा प्रकोप पूर्व तयारी कार्यशालाका प्रतिवेदन तथा दस्तावेजहरू, जिल्लाको स्मारिका, परिचय तथा दस्तावेजहरू, विभिन्न दातृ संस्थाको सहयोग तथा जिल्ला दैवी प्रकोप उद्धार समिति मकवानपुरको नेतृत्वमा तयार पारिएको जिल्लाको जिल्ला स्तरीय प्रकोप व्यवस्थापन कार्य योजना, प्रकोपका क्षेत्रमा कार्य गर्दै आइरहेका संस्थाहरूको दस्तावेज, र प्रकोपका क्षेत्रमा अध्ययन गरी प्राप्त तथ्याङ्क र सूचना विश्लेषणको अध्ययन तथा विभिन्न क्षेत्रका विज्ञहरूसँग परामर्स गरिएको छ ।

मकवानपुर जिल्ला नेपालको बाढ, पहिरो, चट्याङ र दुर्घटनाबाट प्रभावित भइरहने जिल्लामध्ये एक हो । विपद् भन्ने वित्तिकै यस जिल्लामा २०५०, २०५९ र २०६१ सालको बाढी र पहिरोलाई स्मरण गराउँछ र २०७२ बैसाख १२ को भूकम्प सबैका सामु त्रासदीपूर्ण रहेको छ । जुन प्रकोपका कारण मकवानपुर जिल्लाका सबै गाउँपालिका, नगरपालिका तथा उप महानगरपालिका कुनै पनि भाग जोखिमबाट अछुतो रहेन । केही न केही क्षति सबै स्थानहरूमा भए । धेरै मानिसले भूकम्पका कारण ज्यान गुमाउनुका साथै हजारौं घर भत्किए भने बाढी तथा पहिरोका कारण विघौं जमिन बगरमा परिणत भयो । कृषि बाली, पशुधन, स्थानीय पूर्वाधारहरू कटान र पुरानमा परेर क्षतिग्रस्त भए । अहिलेसम्म पनि बाढी प्रभावितको सम्पूर्ण रूपमा व्यवस्थापन कार्य सम्पन्न गर्न नसकिएका कारण जिल्लाका विभिन्न स्थानमा अव्यवस्थित रुपमा प्रभावितहरू बस्न बाध्य छन् । यद्यपि, जिल्लाले यस्ता घटनाबाट प्राप्त गरेको अनुभवले विपद्मा मानवीय सहयोग परिचालन गर्न गर्नु पर्ने व्यवस्थापकीय कार्य सजिलो नहुने यथार्थलाई स्वीकार गर्नुपर्दछ। नेपालमा पहिलो पटक २०६५ सालको कोशी बाढीको समयमा सुनसरी जिल्लाले क्षेत्रगत रुपमा ८ वटा क्षेत्रहरू विभाजन गरेर सहयोग कार्य गरेको थियो । यही क्षेत्रगत संलग्नता र परिचालनले विपद् प्रतिकार्यको व्यवस्थापनमा नमूनायोग्य काम गर्न सफलता प्राप्त गऱ्यो ।

त्यही अनुभवका आधारमा र नेपाल सरकार गृह मन्त्रालयको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मागदर्शन २०६७ अनुसार जिल्लाको सुरक्षाका लागि र जनधनको क्षतिबाट जोगिन जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरको संयोजन र विभिन्न सङ्घ संस्थाहरूको सहयोगमा मानवीय सहयोग परिचालनका लागि यो विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना परिमार्जन गरी अद्यावधिक गरिएको हो ।

## २.३ बैठकका निर्णयहरू

मकवानपुर जिल्लाको आकस्मिक योजना २०६७ मा निर्माण भई २०६८ मा परिमार्जन गरी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ अनुसार पुनारालोकन गरी नयाँ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न केन्द्रिय विपद् व्यवस्थापन समिति⁄ परिषद्को निर्देशनमा जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरले यस जिल्लामा रहेका जिल्लाका अगुवा सहयोगी संस्थाको सहयोगमा यस जिल्लामा विपद् पश्चात् कार्य गर्न गठित १० वटा तहलाई ७ वटा क्षेत्रगत तहमा परिर्माजन गरी सोको बैठक आयोजना गरी योजनालाइ अद्यावधिक गर्नुका साथै छलफलबाट प्राप्त रायसुझावहरूलाई योजनामा समावेश गरेर विपद् पूर्व तयारी र प्रतिकार्य योजना २०७६ तर्जुमा गरिएको हो ।

## २.४ प्रकोप जोखिम विश्लेषणः

मकवानपुर जिल्लामा आइरहने प्रकोपका घटनाहरूलाई हेर्ने हो भने यहाँ भूकम्प, बाढी, पहिरो, चट्याङ, आगलागी, महामारी, असिना, हुरीबतास, अतिवृष्टि, अनावृष्टि, दुर्घटना आदिबाट ग्रसित छ । यी घटनाहरूबाट यस जिल्लामा धेरै ठूलो मात्रामा जनधनको क्षति गर्ने गरेको छ। मुख्य रुपमा हेर्दा यस जिल्लामा वि.सं २०११, २०१८, २०३६, २०५०, २०५९ र २०६१ सालको बाढी तथा २०७२ साल बैशाख १२ गते र त्यसपछिका लगातारको पराकम्पका घट्नाहरू बढी उल्लेख्य छन् । वि.सं १९९० सालको महाभूकम्प, वि.सं २०१२ को खडेरी र भोकमरी, वि.सं २०४५ को भूकम्पले यस जिल्लामा धेरै जनधनको क्षति गरेको छ । २०७२ बैशाख १२ गते आएको भूकम्प र त्यसपछिको लगातारको पराकम्पबाट यस जिल्लामा ३३ जनाको मृत्यु भएको, ८६०४३ घरधुरीमध्ये ३०,००० घरधुरी पूर्ण क्षति, र २६००० धरधुरीले क्षतिको पुनःछानबिनको लागि गुनासो निवदेन पेश गरेका छन् र उनीहरुको आंशिक क्षति भएको छ । जसमा २०७२ को भूकम्पले यस जिल्लामा ५६००० परिवार प्रत्यक्ष प्रभावित भएका छन । करिब ४७०० पशुपंक्षिको मृत्यु भएको र करिब ५० अरब बराबरको आर्थिक क्षति भएको प्राप्त तथ्याङ्कबाट पुष्टि भएको छ। यसैगरी शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई लगायतका पूर्वाधारहरु ठूलो मात्रामा क्षति भई बालबालिकाको शिक्षा करिब ४५ दिन अवरुद्ध भएको थियो भने प्राथमिक स्वास्थ्य चौकीहरुले त्रिपालमुनि बसेर सेवा प्रदान गरेका थिए। यसैगरी कतिपय स्थानका खानेपानीका मूल सुक्नुका साथै कतिपयका पाइप तथा इन्टेक भत्किएर खानेपानी अवरुद्ध भएको थियो। बिगत चालिस वर्षमा यस जिल्लामा आएका प्रकोप घटना तथा त्यसबाट भएको क्षति विवरणका आधारमा निम्नानुसार प्रकोपलाई स्तरीकरण गरिएको छ। यसैगरी हालका बर्षमा आएर चट्याङ र सडक दुर्घटनाका कारण पनि धेरै ठूलो मात्रामा जनधनको क्षति गर्ने गरेको छ।

**तालिका १ः ४० वर्षमा मकवानपुर जिल्लामा भएको क्षतिका आधारमा गरिएको प्रकोपको स्तरीकरण**

| क्र.सं | प्रकोपका घटना | घटना सङ्ख्या | मानव क्षति (मृत्यु, बेपत्ता र घाइते ) | प्रभावित परिवार | घर क्षति | जमिन क्षति (हे.) | चौपाया क्षति | आर्थिक क्षति | प्राप्ताङ्क | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प | ४ | ३५ | ८६०४३ | ५६००० | ० | ४६२१ | ५१००००००००० | २९।६० | १ |
| २ | बाढी | १०५ | २७८ | ६०,०७४ | ४,४८८ | ६,९४१ | १,६९२ | २३,४७९,४५१ | २२।४८ | २ |
| ३ | पहिरो | ९२ | ३५० | ३२,७८३ | १४३७ | २,०३३ | ९०४ | ७,३२५,९१६ | १४।७८ | ३ |
| ४ | महामारी | ९३ | ६८८ | ५,२८५ | ० | २५ | २६६ | ३,०००,०००० | १५।१२ | ४ |
| ५ | चट्याङ | १०५ | ३०१ | २९२ | ३१ | ० | १४१ | १,५९५,००० | ९।१८ | ५ |
| ६ | आगलागि | ८२ | ४६ | १,६०३ | ५११ | ० | १५४ | २३९,७२७,८२० | ४।५७ | ६ |
| ७ | असिना | २६ | ३ | ० | ० | ० | ४ | १९,७००,००० | १।०३ | ७ |
| ८ | दुर्घटना | ११ | १७ | ० | ० | ० | ० | ० | ०।६९ | ८ |
| ९ | हुरीबतास | १० | २ | ० | ४९ | ० | ० | १,०००,००० | ०।४० | ९ |
| १० | संरचना ध्वस्त | ५ | १० | ० | ४ | ० | ० | ० | ०।३५ | १० |
| ११ | डढेलो | ६ | २ | ६५ | १९ | ० | ८ | १,८५०,००० | ०।२७ | ११ |
| १२ | हिमपात | ५ | ० | ४०० | ० | ० | ० | ० | ०।२० | १२ |
| १३ | खडेरी | ५ | ० | ० | ० | ० | ० | ० | ०।१८ | १३ |
| १४ | भोकमरी | ३ | ० | ७५० | ० | ० | ० | ० | ०।१५ | १४ |
| १५ | शित लहर | ३ | २ | ० | ० | ० | ० | ० | ०।१४ | १५ |
| १६ | विष्फोटन | १ | ३ | ० | ० | ० | ० | ० | ०।०९ | १६ |
| | जम्मा | ५५६ | १७३७ | १८७,२९५ | ६२५३९ | ८९९९ | ७७९० | ५३९७६७८१८७ | १००।०० | |

प्रकोप स्तरीकरण मापदण्डः समग्र क्षतिलाई १०० अङ्क प्रदान गर्दा

## तालिका १.१ :२०७४/७५ आ ब मा मकवानपुर जिल्लामा भएको क्षतिका आधारमा गरिएको प्रकोपको स्तरीकरण

| क्र. सं | प्रकोपका घटना | घटना सङ्ख्या | मानव क्षति (मृत्यु, बेपत्ता र घाइते ) | प्रभावित परिवार | घर क्षति | जमिन क्षति (हे.) | चौपाया क्षति | आर्थिक क्षति | प्राप्ताङ्क | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | डुवान/डुबेर | १३ | १३ | १३ | ० | ० | ० | ० | | १ |
| २ | बाढी | ९ | ८ | ९ | ० | ० | ० | १०,०००,००० | | २ |
| ३ | करेन्ट | ११ | ८ | ११ | ० | ० | ० | ० | | |
| ४ | चट्याङ | ४५ | ३३ | ४५ | ० | ० | १२ | | | |
| ५ | आगलागि | २७ | ६ | २७ | १० | ० | १८ | | | |
| ६ | भूकम्प | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | पहिरो | १० | १० | १० | ० | ० | ० | | | |
| ८ | महामारी | ९३ | ६८८ | ५,२८५ | ० | २५ | २६६ | ३,०००,०००० | १५।१२ | ४ |
| | जम्मा | ५५६ | १७३७ | १८७,२९५ | ६२५३९ | ८९९९ | ७७९० | ५३९७६७८१८७ | १००।०० | |

घटनाको बारम्बारतालाई २० अङ्कभार
मानवीय क्षतिलाई ३० अङ्कभार
प्रभावित परिवार १० अङ्कभार
घर क्षति १० अङ्कभार
चौपाया क्षति १० अङ्कभार
जमिन क्षति १० अङ्कभार

आर्थिक क्षति १० अङ्कभार को आधारमा स्तरीकरण गरिएको ।

## २.५ मकवानपुर जिल्लाको गापा/नपा/ उप नगर पालिका स्तरीय सङ्कटाभिखुताको अवस्था :

सन् २००४ मा संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमले तयार गरेका विगतका अभिलेखहरू, विभिन्न प्रकारका नक्सा, अन्तरवार्ता आदि विधिबाट पनि सम्भाव्य प्रकोपको पहिचान र प्राथमिकीकरण गरिएको थियो जसअनुसार अति बढी प्रकोपका सम्भावनाा भएका ४ वटा गाउँपालिकाहरू मकवानपुर गढी, राक्सीराङ, बकैया रवागमती पर्दछन् । यसैगरी बढी प्रकोपको सम्भावना भएका गाउँपालिकाहरू मनहरी र कैलास २ वटा छन् भने मध्यम खालको प्रकोपको सम्भावना भएका इन्द्रसरोवर र भीमफेदी २ वटा गाउँपालिकाहरू, हेटौंडा उप महानगरपालिका र थाहा नगरपालिका रहेका छन् । (प्रकोप योजना २००४)

सम्भाव्य क्षति स्थानीय व्यक्तिहरूको आयस्तरमा पनि भर पर्दछ । गाउँका प्रायजसो घरहरू माटो, ढुंगाका गाह्रो, खर तथा जस्तापाताको छाना भएका छन् । ती घरहरू बाढी, हुरी बतास जस्ता अन्य प्राकृतिक प्रकोपबाट जोगाउन मुश्किल पर्दछ । हेटौंडा उपमहानगरपालिका क्षेत्रमा भने कंक्रिट (पक्की) घरहरू भएकाले तुलनात्मक रुपले बाढी, हुरी बतास जस्ता प्रकोपबाट केही हदसम्म रोक्न सकिन्छ ।

प्रकोपबाट हुन सक्ने मृत्यु, चोटपटक, महामारीजस्ता रोगव्याध, आर्थिक नोक्सानी र वातावरणीय क्षतिको सम्भावनाा नै जोखिम हो । यसरी जोखिम मापन गर्दा मकवानपुर जिल्लाका मकवानपुर गढी गाउँपालिकाको आमभञ्ज्याङ र मकवानपुरगढी, भीमफेदी गाउँपालिकाको भैसेर निबुवाटार, राक्सीराङ गाउँपालिकाको सरिखेत तथा बकैयाको छतिवन अति बढी जोखिममा पर्दछन् । यसै गरी २ गाउँपालिकाहरु वागमती र मनहरी गाउँपालिकाहरु बढी जोखिममा पर्दछन् भने मध्यम खालको जोखिममा अन्य गापा तथा नपा र हेटौंडा उपमनपा पर्दछन् । सबैभन्दा कम जोखिममा भीपफेदी गापाको कोगटे पर्दछ । प्रकोप व्यवस्थापन कार्य गर्दा अति बढी जोखिम क्षेत्रका गाउँपालिकाहरूलाई पहिलो प्राथमिकता दिनुपर्दछ । (प्रकोप योजना २००४)

विभिन्न प्रकारका सेवाप्रदायक सङ्घ संस्था (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस, दातृ संस्थाद्वारा सञ्चालित कार्यक्रम) र वित्तीय संस्थाहरू जिल्लामा कार्यरत भएता पनि ती सङ्घ संस्थाहरू सदरमुकाम (हेटौंडा उपमनपा) तथा अन्य सुगम स्थानहरूमा मात्र

सिमित छन् । जिल्लामा एम्बुलेन्स, यातायातका साधन, खानेपानीको ट्यांकीका अतिरिक्त प्रयाप्त मात्रामा डाक्टर, स्वयमसेवक, खाधान्न आदि उपलब्ध छैन । दमकल, डुंगा, डोजर, दक्ष पौडीबाजहरू, उद्धार र राहत सञ्चालकहरू जस्ता प्रकोप व्यवस्थापनका लागि अन्य आवश्यक पूर्वाधारहरू अझैसम्म जिल्लाको आवश्यकता अनुसार नगन्य नै छन् ।

सन् २००२ मा मकवानपुर गढीको आमभञ्ज्याङ, सुकौरा र मकवानपुरगढी, भीमफेदीको भैंसे, कोगटे र इपा, हेटौंडाको बसामाडी, पदमपोखरी, चुरियामाई र हटिया, बकैयाको छतिवन र शिखरपुर, मनहरीको हाँडीखोला र मनहरी, राक्सीराङको राक्सीराङ, कांकडा र सरिखेत, कैलासको कालिकाटार र खैराङ तथा थाहाको पालुङ बढी प्रभावित भएका थिए । (जिल्ला प्रकोप प्रतिवेदन २००६)

सन् २००३ मा बकैयाको छतिवन, मनहरीको मनहरी र हाँडीखोला, मकवानपुरगढीको मकवानपुरगढी, कैलासको नामटार, वागमतीको राईगाउँ र फापरवारी तथा हेटौंडाको पदमपोखरी बढी प्रभावित भएका थिए । (जिल्ला प्रकोप प्रतिवेदन २००६)

सन् २००४ मा मकवानपुर गढीको आमभञ्ज्याङ, सुकौरा र मकवानपुरगढी, भीमफेदीको भीमफेदी र भैंसे, हेटौंडाको बसामाडी, हर्नामाडी र हटिया तथा साविक हेटौंडा-१० र ११, बकैयाको छतिवन, धियाल, शिखरपुर र ठिङ्गन मनहरीको हाँडीखोला र मनहरी, राक्सीराङको काँकडा, इन्द्रसरोवरको कुलेखानी तथा वागमतीको फापरबारी बढी प्रभावित भएका थिए । (जिल्ला प्रकोप प्रतिवेदन २००६)

विगत ४० वर्षयता मकवानपुर जिल्लामा आइरहने प्रकोपका घटनाहरूलाई हेर्ने हो भने यहाँ बाढी तथा पहिरो नै बढी मात्रामा देखिएका थिए भने २०७२ बैशाख १२ गते आएको भूकम्प र त्यसपछिको लगातारका पराकम्पले पुऱ्याएको क्षतिका कारण भूकम्प नै प्रमुख प्रकोपका रुपमा देखिएको छ । ठूला प्रकोपलाई स्मरण गर्दा मकवानपुर जिल्लामा २०५०, २०५९ र २०६१ सालको बाढी र पहिरोलाई स्मरण गराउँछ भने २०७२ को भूकम्प कसैले पनि बिर्सन सकेका छैनन् । जुन प्रकोपका कारण मकवानपुर जिल्लाका सबै गाउँपालिका तथा नगरपालिका कुनै पनि जोखिमबाट अछुतो रहेन । सबै गाउँपालिका तथा नगरपालिकामा जन तथा धनको क्षति भयो । उत्तरी क्षेत्रमा रहेका गाउँपालिका तथा नगर पालिकामा धेरै क्षति भयो भने दक्षिणतर्फ रहेका गाउँपालिका तथा उपमहानगरपालिकामा तुलनात्मक रुपमा कम क्षति भएको छ । त्यसैका आधारमा यहाँ रहेका गाउँपालिका तथा उप महानगरपालिकालाई जोखिमका हिसाबले निम्नानुसार वर्गीकरण गरी तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ः मकवानपुर जिल्लाका सङ्कटाभिमूख गापा/नपाको जनसङ्ख्या विवरण**

| सि. नं | गापा/ नपा/ उपमनपा | कूल घरधुरी | कूल पुरुष | कूल महिला | कूल जनसङ्ख्या | सङ्कटा सन्नताको अवस्था | प्रकोपको क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | वागमती गाउँपालिका | | | | | | | |
| | राईगाऊँ | १,८९३ | ४,९७७ | ५,३९१ | १०,३६८ | मध्यम | बाढी र चट्याङ | १, २, ३ वडा |
| | बेतिनी | ६१७ | १,६६७ | १,६८४ | ३,३५१ | उच्च | बाढी र चट्याङ | ९ वडा |
| | फापरवारी | ३,२२१ | ७,९९१ | ८,७८५ | १६,७७६ | मध्यम/उच्च | बाढी, चट्याङ, आगलागि | |
| | जम्मा | ५७३१ | १४६३५ | १५८६० | ३०४९५ | | | |
| २ | बकैया गाउँपालिका | | | | | | | |
| | धियाल | १,०९० | २,९३७ | ३,००८ | ५,९४५ | मध्यम | महामारी, आगलागि र बाढी | १,२ ३ वडा |
| | मन्थली | ५०९ | १,३५२ | १,४१० | २,७६२ | मध्यम | बाढी र चट्याङ | |
| | ठिंगन | ७१३ | २,०३७ | २,२३३ | ४,२७० | उच्च | चट्याङ र पहिरो | |
| | शिखरपूर | १,०५४ | २,८५१ | ३,०४५ | ५,८९६ | मध्यम | बाढी, पहिरो र चट्याङ | |
| | छतिवन | ४,१७२ | ९,९५२ | १०,७९५ | २०,७४७ | उच्च | बाढी, महमारी | |
| | जम्मा | ७५३८ | १९१२९ | २०४९१ | ३९६२० | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | मकवानपुर गढी गाउँपालिका | | | | | | | |
| | आमभञ्ज्याङ | १,४०३ | ३,३३० | ३,५७६ | ६,९०६ | उच्च | बाढी, पहिरो र चट्याङ | |
| | मकवानपुर गढी | २,५७६ | ६,१८७ | ६,६१९ | १२,८०६ | मध्यम | बाढी, पहिरो र चट्याङ | |
| | सुकौरा | ६५४ | १,७२१ | १,८०४ | ३,५२५ | उच्च | बाढी, पहिरो र चट्याङ | |
| | बुढीचौर | ३७० | १,०४१ | १,०४४ | २,०८५ | मध्यम÷उच्च | बाढी, पहिरो र चट्याङ | |
| | जम्मा | ५००३ | १२२७९ | १३०४३ | २५३२२ | | | |
| ४ | भीमफेदी गाउँपालिका | | | | | | | |
| | भैंसे | १,३८८ | ३,२२८ | ३,४८९ | ६,७१७ | उच्च | पहिरो | |
| | भीमफेदी | १,१६१ | २,५०३ | २,९३७ | ५,४४० | उच्च | बाढी, पहिरो र चट्याङ, दुर्घटना | |
| | इपा पञ्चकन्या | ४५९ | १,२५६ | १,२४१ | २,४९७ | मध्यम | पहिरो र चट्याङ | |
| | निबुवाटार | ८८४ | २,००६ | २,२५३ | ४,२५९ | मध्यम | चट्याङ, दुर्घटना | |
| | कोगटे | २८० | ५९३ | ६८६ | १,२७९ | मध्यम | पहिरो र चट्याङ | |
| | नामटार १,२ र ३ | ५७१ | १४६५ | १४७४ | २९३९ | मध्यम | पहिरो र दुर्घटना | |
| | जम्मा | ४७४३ | ११०५१ | १२०८० | २३१३१ | | | |
| ५ | इन्द्रसरोवर गाउँपालिका | | | | | | | |
| | फाखेल | १,०११ | २,१०२ | २,४२२ | ४,५२४ | उच्च | पहिरो र चट्याङ, दुर्घटना | |
| | कूलेखानी | ६७० | १,४०१ | १,५६८ | २,९६९ | उच्च | पहिरो र दुर्घटना | |
| | मार्खु | ६३४ | १,४५२ | १,६१९ | ३,०७१ | उच्च | डुबान पहिरो र दुर्घटना | |
| | सिस्नेरी | ७३९ | १,५५४ | १,६९१ | ३,२४५ | उच्च | पहिरो र दुर्घटना | |
| | जम्मा | ३०५४ | ६५०९ | ७३०० | १३८०९ | | | |
| ६ | थाहा नगरपालिका | | | | | | | |
| | थाहा नगर पालिका | ४,७७९ | १०,३१५ | ११,४०२ | २१,७१७ | उच्च | पहिरो र चट्याङ, दुर्घटना | |
| | आग्रा | १,५७२ | ३,८५० | ३,९८६ | ७,८३६ | उच्च | पहिरो आगलागि र महामारी | |
| | टिष्टुङ | १,४०५ | ३,४०९ | ३,६३२ | ७,०४१ | उच्च | पहिरो र दुर्घटना | |
| | चित्लाङ | १,१७२ | २,२३७ | २,७९२ | ५,०२९ | उच्च | आगलागि र वन यजन्तु | |
| | जम्मा | ८९२८ | १९८११ | २१८१२ | ४१६२३ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | कैलास गाउँपालिका | | | | | | | |
| | भार्ता | ६९३ | २,१४३ | २,०२६ | ४,१६९ | मध्यम | बाढी, पहिरो महामारी र आगलागि | |
| | डाँडाखर्क | ७२० | २,०२० | २,००१ | ४,०२१ | उच्च | बाढी, पहिरो महामारी | |
| | गोगने | ९८३ | २,५९८ | २,७४७ | ५,३४५ | उच्च | बाढी, पहिरो महामारी | |
| | कालिकाटार | ७९६ | २,३८४ | २,३३९ | ४,७२३ | उच्च | बाढी, पहिरो महामारी | |
| | नामटार १–६ | ११३८ | २९३० | २९४७ | ५८७७ | उच्च | बाढी, पहिरो महामारी र आगलागि, चट्याङ | |
| | जम्मा | ४३३० | १२०७५ | १२०६० | २४१३५ | | | |
| ८ | राक्सीराङ गाउँपालिका | | | | | | | |
| | कांकडा | १,३०४ | ३,९५९ | ३,८८१ | ७,८४० | उच्च | पहिरो र आगलागि | |
| | खैराङ्ग | ५८३ | १,७४४ | १,६४५ | ३,३८९ | मध्यम | पहिरो महामारी र आगलागि | |
| | राक्सिराङ्ग | १,१५२ | ३,२४७ | ३,३२५ | ६,५७२ | मध्यम | बाढी पहिरो हावाहुरी आगलागि | |
| | सरिखेत | १,५१८ | ४,१६० | ४,२३१ | ८,३९१ | मध्यम | बाढी पहिरो हावाहुरी आगलागि | |
| | जम्मा | ४५५७ | १३११० | १३०८२ | २६१९२ | | | |
| ९ | मनहरी गाउँपालिका | | | | | | | |
| | हाँडीखोला | ३६७६ | ८८९० | ९५२५ | १८४१५ | उच्च | बाढी वन्यजन्तु, आगलागि | |
| | मनहरी | ४२१५ | ९६३० | १०३५४ | १९९८४ | मध्यम | बाढी वन्यजन्तु, आगलागि, दुर्घटना | |
| | जम्मा | ७८९१ | १८५२० | १९८७९ | ३८३९९ | | | |
| १० | हेटौंडा उमनपा | ३४,२७० | ७४,९६४ | ७७,९११ | १५२,८७५ | मध्यम | सडक दुर्घटना, डुबान, आगलागि, पहिरो, वन्यजन्तु | |
| | जम्मा | ८०९८५ | २०२०८३ | २१३५१८ | ४१५६०१ | | | |

प्रस्तुत तालिका विगतमा जाइका, युएनडीपी नेपाल लगायत अन्य संस्थाहरूले जिल्लामा गरेको सङ्कटासन्नताको अध्ययन, डिस्इन्भेटर डाटा र विगत ३० वर्षको अवधिमा प्रकोपले पुऱ्याएको मानवीय, आर्थिक, भौतिक, पशु, बालीनाली जग्गा जमिन आदिको क्षतिको आधारमा तयार पारिएको हो । जिल्ला दैवी प्रकोप उद्धार समिति मकवानपुरको गत वर्षको बैठकले केही गाउँपालिकाहरू- बकैया (सिखरपुर) मकवानपुर गढी (मकवानपुरगढी) हेटौंडा (बसामाडी र पदमपोखरी) कैलास (कालिकाटार) भीमफेदी (निबुवाटार र भीमफेदी) इन्द्रसरोवर (कुलेखानी र सिस्नेरी) लाई जलउत्पन्न प्रकोपका हिसाबले मध्यम जोखिममा राख्नुपर्ने सुझाव प्राप्त भएको छ । माथि उल्लेखित परिमार्जन गर्नुपर्ने गाउँपालिकाहरूमध्ये भीमफेदी (निबुवाटार र भीमफेदी) हेटौंडा (पदमपोखरी र बसामाडी) इन्द्रसरोवरको (कुलेखानी र सिस्नेरी) कुलेखानीको जलासयबाट प्रभावित हुन सक्ने सम्भावित गाउँपालिकाहरू रहेको देखिन्छ भने थाहाको दामन र आग्राको चिसापानी क्षेत्र राष्ट्रिय स्तरमा मौसमविदको टोलीले गरेको

अध्ययनको आधारमा देशको ४८ वटा स्थान अत्यन्तै जोखिमपूर्ण क्षेत्र घोषणा गरिएको सूचीमा यो क्षेत्र समेत रहेको छ। यसै गरी २०७२ सालमा आएको भूकम्प र यसबाट भएको क्षतिको आधारमा समग्र जिल्लाको सङ्कटासन्नताको अवस्थामा परिवर्तन भएको छ जसलाई माथिको तालिकामा प्रस्तुत गरिएको छ।

## २.६ परिस्थिति तथा योजना तर्जुमासम्बन्धी पूर्वानुमान

विगतको तथ्याङ्कको आधारमा हेर्दा यस वर्ष मकवानपुर जिल्लामा बाढी तथा पहिरोबाट ५००० परिवार, भूकम्पका दृष्टिले ५० हजार परिवार र चट्याङ्बाट ३०० परिवार प्रकोप प्रभावित हुने सम्भावना रहेकोले सोही अनुमानका आधारमा यो योजना तर्जुमा गरिएको छ। प्रकोप प्रभावित मध्ये ६० प्रतिशत परिवार विस्थापित हुने गरेको विगतका तथ्याङ्कहरूले देखाउँछन्। सोही अनुसार प्रकोप प्रभावित हुन सक्ने जनसङ्ख्याको अनुमान निम्नानुसार तालिकामा देखाइएको छ।

### तालिका ३: मकवानपुर जिल्लाको बाढीपहिरो कारण निम्तिने विपद्को परिस्थितिको पूर्वानुमान

| न्यूनतम पूर्व तयारीका लागि अन्दाजी जनसङ्ख्या | जनसङ्ख्या % | प्रभावित कूल जनसङ्ख्या | | | विस्थापित कूल जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | २५००० | | | १५००० | | |
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रभावित कूल जन सङ्ख्या | | १२२५० | १२७५० | २५००० | ७३५० | ७६५० | १५००० |
| परिवार सङ्ख्या | (सरदर ५ /परिवार) | | | ५००० | | | ३००० |
| प्रजनन् योग्य उमेरका महिला | २५% | | ३१८८ | | | १९१३ | |
| जेष्ठ नागरिक, ६० वर्षभन्दा बढी उमेरका जनसङ्ख्या | ३० (%) | ३६७५ | ३८२५ | ७५०० | २२०५ | २२९५ | ४५०० |
| १९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ४६% | ५६३५ | ५८६५ | ११५०० | ३३८१ | ३५१९ | ६९०० |
| १०-१९ वर्षका किशोर-किशारीको सङ्ख्या | २२% | २६९५ | २८०५ | ५५०० | १६१७ | १६८३ | ३३०० |
| दलित को सङ्ख्या | ११% | १३४८ | १४०३ | २७५० | ८०९ | ८४२ | १६५० |
| एकदमै गरिब व्यक्तिको सङ्ख्या | ३३% | ४०४३ | ४२०८ | ८२५० | २४२६ | २५२५ | ४९५० |
| दीर्घकालीन बिमारी भएका व्यक्तिको सङ्ख्या | | | | ० | | | ० |
| एचआईभी/एड्सबाट संक्रमित जनसङ्ख्या | | | | ० | | | ० |
| गर्भवती तथा दूध खुवाउने आमाको सङ्ख्या | ५% | | ६३८ | ६३८ | | ३८३ | ३८३ |
| गर्भवती महिलाको सङ्ख्या | २.३% | | २९३३ | २९३३ | | १७६० | १७६० |
| प्रतिमहिना प्रसूतिको अन्दाजी सङ्ख्या | ०.२५% | | ३२ | ३२ | | १९ | १९ |
| प्रतिमहिना शिशुको अन्दाजी सङ्ख्या | ०.२५% | ३१ | ३२ | ६३ | १८ | १९ | ३८ |
| प्रतिमहिना आपत्कालीन प्रसूति सेवा चाहिने महिलाको अपेक्षित सङ्ख्या | ०.०३८% | | ४८ | ४८ | | २९ | २९ |
| प्रतिमहिना जटिलता हुने शिशुको अपेक्षित सङ्ख्या | ०.०२५% | ३१ | ३२ | ६३ | १८ | १९ | ३८ |
| ६-९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ११% | १३४८ | १४०३ | २७५० | ८०९ | ८४२ | १६५० |
| ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या | १३% | १५९३ | १६५८ | ३२५० | ९५६ | ९९५ | १९५० |
| ६-११ महिनासम्मका बालबालिकाको सङ्ख्या | १% | १२३ | १२८ | २५० | ७४ | ७७ | १५० |
| १२-२३ महिनासम्मका बालबालिकाको सङ्ख्या | ३% | ३६८ | ३८३ | ७५० | २२१ | २३० | ४५० |
| २४-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | ८% | ९८० | १०२० | २००० | ५८८ | ६१२ | १२०० |
| ६-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | १२% | १४७० | १५३० | ३००० | ८८२ | ९१८ | १८०० |
| ६-५९महिनासम्मका कुपोषित बालबालिका | १३% | १५९३ | १६५८ | ३२५० | ९५६ | ९९५ | १९५० |
| ६-५९ महिनासम्मका मध्यम रूपमा कुपोषित बालबालिका | १०% | १२२५ | १२७५ | २५०० | ७३५ | ७६५ | १५०० |
| ६-५९ महिनासम्मका तीव्र रूपमा कुपोषित बालबालिका | ३% | ३६८ | ३८३ | ७५० | २२१ | २३० | ४५० |

**तालिका ४:मकवानपुर जिल्लाको भूकम्पको कारण निम्तिने विपद्को परिस्थितिको पूर्वानुमान**

| न्यूनतम पूर्व तयारीका लागि अन्दाजी जनसङ्ख्या | जनसङ्ख्या % | प्रभावित कूल जनसङ्ख्या | | | विस्थापित कूल जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | २५०००० | | | १५०००० | | |
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रभावित कूल जनसङ्ख्या | | १२२५०० | १२७५०० | २५०००० | १४७०० | ७६५०० | १५०००० |
| परिवार सङ्ख्या | (सरदर ५ / परिवार) | | | ५०००० | | | ३०००० |
| प्रजनन् योग्य उमेरका महिला | २५% | | ३१८७५ | | | १९१२५ | |
| जेष्ठ नागरिक, ६० वर्षभन्दा बढी उमेरका जनसङ्ख्या | ३० (%) | ३६७५० | ३८२५० | ७५००० | ४४१० | २२९५० | २७३६० |
| १९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ४६% | ५६३५० | ५८६५० | ११५००० | ६७६२ | ३५१९० | ४१९५२ |
| १०-१९ वर्षका किशोर-किशारीको सङ्ख्या | २२% | २६९५० | २८०५० | ५५००० | ३२३४ | १६८३० | २००६४ |
| दलितको सङ्ख्या | ११% | १३४७५ | १४०२५ | २७५०० | १६१७ | ८४१५ | १००३२ |
| एकदमै गरिब व्यक्तिको सङ्ख्या | ३३% | ४०४२५ | ४२०७५ | ८२५०० | ४८५१ | २५२४५ | ३००९६ |
| दीर्घकालीन बिमारी भएका व्यक्तिको सङ्ख्या | | | | ० | | | ० |
| एच्आईभी/एड्सबाट संक्रमित जनसङ्ख्या | | | | ० | | | ० |
| गर्भवती तथा दूध खुवाउने आमाको सङ्ख्या | ५% | | ६३७५ | ६३७५ | | ३८२५ | ३८२५ |
| गर्भवती महिलाको सङ्ख्या | २.३% | | २९३२५ | २९३२५ | | १७५९५ | १७५९५ |
| प्रतिमहिना प्रसूतिको अन्दाजी सङ्ख्या | ०.२५% | | ३१९ | ३१९ | | १९१ | १९१ |
| प्रतिमहिना शिशुको अन्दाजी सङ्ख्या | ०.२५% | ३०६ | ३१९ | ६२५ | ३७ | १९१ | २२८ |
| प्रतिमहिना आपत्कालीन प्रसूति सेवा चाहिने महिलाको अपेक्षित सङ्ख्या | ०.०३८% | | ४८५ | ४८५ | | २९१ | २९१ |
| प्रतिमहिना जटिलता हुने शिशुको अपेक्षित सङ्ख्या | ०.०२५% | ३०६ | ३१९ | ६२५ | ३७ | १९१ | २२८ |
| ६-९ वर्षसम्मका बालबालिकाको सङ्ख्या | ११% | १३४७५ | १४०२५ | २७५०० | १६१७ | ८४१५ | १००३२ |
| ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या | १३% | १५९२५ | १६५७५ | ३२५०० | १९११ | ९९४५ | ११८५६ |
| ६-११ महिनासम्मका बालबालिकाको सङ्ख्या | १% | १२२५ | १२७५ | २५०० | १४७ | ७६५ | ९१२ |
| १२-२३ महिनासम्मका बालबालिकाको सङ्ख्या | ३% | ३६७५ | ३८२५ | ७५०० | ४४१ | २२९५ | २७३६ |
| २४-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | ८% | ९८०० | १०२०० | २०००० | ११७६ | ६१२० | ७२९६ |
| ६-५९ महिनासम्मका बालबालिकाको सङ्ख्या | १२% | १४७०० | १५३०० | ३०००० | १७६४ | ९१८० | १०९४४ |
| ६-५९ महिनासम्मका कुपोषित बालबालिका | १३% | १५९२५ | १६५७५ | ३२५०० | १९११ | ९९४५ | ११८५६ |
| ६-५९ महिनासम्मका मध्यम रूपमा कुपोषित बालबालिका | १०% | १२२५० | १२७५० | २५००० | १४७० | ७६५० | ९१२० |
| ६-५९ महिनासम्मका तीव्र रूपमा कुपोषित बालबालिका | ३% | ३६७५ | ३८२५ | ७५०० | ४४१ | २२९५ | २७३६ |

## २.७ तह तथा निकायगत भूमिका तथा जिम्मेवारी

मकवानपुर जिल्लामा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणका लागि संलग्न जिल्ला विपद् व्यवस्थापन समितिका सदस्य संस्थाहरू, विषयगत क्षेत्रका अगुवा संस्थाहरू, मानवीय कार्यमा संलग्न संस्थाहरूको भूमिका र जिम्मेवारी अग्रणी रहेको छ। विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयनमा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), विषयगत क्षेत्रको अगुवा संस्था (Cluster Lead) तथा जिल्ला अगुवा सहयोग संस्था (DLSA) को भूमिका निम्नानुसार छ।

### २.७.१ जिल्ला विपद् व्यवस्थापन समितिको भूमिका जिम्मेवारीः

जिल्लमा विपद्बाट प्रभावित व्यक्तिहरूलाई तत्काल राहत उद्धारको व्यवस्था गर्न र विपद् अल्पीकरण तथा न्यूनीकरणका क्षेत्रका काम गर्ने, प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा स्थानीय तहका प्रमुख, सरकारी/गैरसरकारी, राजनैतिक दल तथा नागरिक समाज सम्मिलित जिल्लास्तरमा गठन भएको समितिलाई जिल्ला विपद् व्यावस्थापन समिति भनिन्छ । यस समितिको सचिवालयको रुपमा काम गर्ने जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृतले सदस्य सचिवको रुपमा कार्यगर्दै विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमाको वैठक तथा कार्यशालाहरूको आयोजना गर्नुपर्दछ ।

### २.७.२ विपद् न्यूनीकरणमा जिल्ला विपद् व्यवस्थापन समितिको जिम्मेवारीः

- जिल्ला विपद् व्यवस्थापनको कार्यमा स्थानीय विपद् व्यवस्थापन समितिहरूलाई समन्वय गर्ने तथा गराउने,
- जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने र यसलाई प्रादेशिक विपद् व्यवस्थापनसमितिमा र गृह मन्त्रालय मार्फत केन्द्रीय विपद् व्यावस्थापन समितिमा पेश गर्ने,
- स्थानीय तहको विपद् व्यावस्थापन समितिबाट सञ्चालित राहत तथा उद्धार कार्यको अनुगमन गर्ने र सञ्चालित कार्यमा आवश्यक सहयोग गर्ने,
- समय-समयमा राहत उद्धार कार्यमा भईरहेको प्रगतिको बारेमा प्रादेशिक तथा केन्द्रीय विपद् व्यावस्थापन समितिलाई जानकारी दिने,
- मौसमजन्य प्रकोप न्यूनीकरणका लागि समन्वय गर्दै कार्य योजना बनाउने,
- केन्द्रीय तथा प्रादेशिक विपद् व्यावस्थापन समितिबाट प्राप्त निर्देशनका आधारमा कार्य सञ्चालन गर्ने,
- वाह्य सहयोगका लागि सरकारी र गैरसरकारी निकायका वीच समन्वय वैठकको आयोजना गर्ने,
- सरकारी निकाय, राष्ट्रसङ्घीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, रेडक्रस अभियानका सदस्य लगायतका निकाय र स्थानीय तहहरूकावीच प्रतिकार्यको समीक्षा गर्न नियमित वैठक सञ्चालन गर्ने,
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनासँग समन्वय गदै स्थानीय विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना तयार गर्ने ।

### २.७.३ जिल्ला क्षेत्रगत अगुवा संस्थाको भूमिका तथा जिम्मेवारी

विपद्का अवस्थामा प्रभावित समुदायलाई तत्काल जिल्लाको कुनै क्षेत्रमा परेको समस्या समाधानमा समन्वय गर्न जिल्लामा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकारप्राप्त व्यक्ति संस्था वा निकायलाई जिल्ला क्षेत्रगत अगुवा संस्था भनिन्छ । यस्ता क्षेत्रगत अगुवा संस्थाको काम कर्तब्य तथा जिम्मेवारी निम्नानुसार रहेको छ।

- क्षेत्रगत सदस्य संस्था (राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस, सरकारी निकाय, राष्ट्रसङ्घीय निकाय, रेडक्रस अभियानका सदस्य आदि) का वीचमा उपयुक्त क्षेत्रगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्ने ।
- राष्ट्रिय/स्थानीय तह, सरकारी निकाय, स्थानीय नागरिक समाज तथा अन्य सरोकारवाला निकाय वीच समन्वय गर्ने ।
- प्रत्येक क्षेत्रगत अगुवा संस्थाले सबै क्षेत्रगत सदस्य संस्थासँग समन्वय गरी आफ्नो विषयक्षेत्रमा विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना (Scenario Based Response Plan) तर्जुमा गर्ने । यस अन्तर्गत विपद्को प्रकृति तथा

योजना मान्यता, प्राथमिकताप्राप्त आपतकालीन कार्य तयारी, आपतकालीन कार्य सम्बोधन गर्न प्राथमिकताप्राप्त पूर्व तयारी कार्य तयारी, प्राथमिकताप्राप्त पूर्व तयारी कार्यका लागि विद्यमान खाडल पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन् ।

- नयाँ आपतकालीन अवस्थाका लागि पर्याप्त आकस्मिक योजना तथा पूर्व तयारीको प्रत्याभूति गराउने ।
- क्षेत्रगत सहभागीहरू सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका बारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउने ।
- विषयगत क्षेत्रका कार्यसमूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्ने ।
- मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गर्न सहयोग गर्ने ।
- पूर्व निर्धारित प्राथमिकता प्राप्त आवश्यकता पूर्तिका लागि क्षेत्रगत अगुवा संस्थाहरू अन्तिम सेवा प्रदायकका रुपमा जिम्मेवार हुन्छन् जुन कुरा पहुँच, सुरक्षा र प्राप्त कोषमा भरपर्दछ । उनीहरूको स्रोत परिचालन कार्यमा प्रमुख जिल्ला अधिकारी तथा  जिल्लाविपद् व्यवस्थापन समितिले सहयोग गर्नेछ ।
- उनीहरूको कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा क्षेत्रगत साझेदारलाई समावेश गराउने ।

### २.७.४ क्षेत्रगत निकायहरूको नक्साङ्कन तथा स्रोतसाधनको आंकलन

मकवानपुर जिल्लामा विपद्का घटना घटी आकस्मिक परिस्थिति सिर्जना भएमा तत्काल परिचालन गर्न सकिने स्रोत साधनहरूको पहिचान हुन जरुरी छ । भविष्यको योजनाका लागि तथा जिल्ला  विपद् व्यवस्थापन समितिलाई विभिन्न तह र निकायका वीच समन्वय गर्न सहयोग पुगोस भन्ने उद्देश्यले हरेक तह र निकायले विपद्को समयमा प्रतिकार्यमा संलग्न हुने निकायहरूको नाम, क्षेत्र (Cluster), सम्पर्क व्यक्ति कार्यालय, विद्यमान स्रोत र साधनको सूची, तोकिएको ढाँचामा तयार गरी क्षेत्रगत रुपमा प्रस्तुत गरिएको छ ।

साथै प्रतिकार्यमा संलग्न निकायहरूमा क्षेत्रगत रुपमा राहत कार्यका लागि भण्डार गरिराखेको गैरखाद्य सामग्री, त्रिपाल, स्वास्थ्य साम्रग्री, खानेपानी तथा सरसफाइसम्बन्धी सामग्री, आपतकालीन शिक्षासम्बन्धी सामग्री बन्दोबस्ती सामग्रीहरूको विवरणहरु सम्बन्धित विषयगत क्षेत्रको शीर्षकमा समावेश गरिएको छ ।

### २.७.५ सहयोगी निकायहरूमा अपुग/अभाव (GAP) देखिएका सामग्री, स्रोत साधन र क्षमता

- जिल्लास्थित सरकारी तथा गैर सरकारी संस्थाहरुको सेवा निरन्तरता योजना नरहेको ।
- मनसुन पूर्व सङ्कटासन्न क्षेत्रको पहिचान गरी सामान्य मर्मत सम्भार गर्न सक्ने दक्ष प्राविधिक तथा साधनहरूको उपलब्धतामा कमी ।
- आकस्मिक अवस्थामा पहिलो चरणमा लेखाजोखा गर्नका लागि स्वयम्सेवकको तथ्याङ्क स्पष्ट नरहेको स्वयम्सेवक तयार गरि बहुक्षेत्रीय द्रुत लेखाजोखाका बारेमा अभिमुखीकरण गरी आवश्यक सामग्री उपलब्धमा गराउनु पर्ने ।
- बाढीपहिरो प्रभावित हुने अनुमान अनुसार खाद्य सामग्रीको जिल्ला र स्थानीय तहमा अपुग देखिन्छ ।
- आवासर गैर खाद्य सामग्री अपुग देखिन्छ । जसले भूकम्पको समयमा झनै बढी अभाव रहने अनुमान गर्न सकिन्छ ।
- हेटौंडा ११ मा निर्मित आपतकालीन भण्डार गृहमा आवश्यक पर्ने सामग्रीहरू व्यवस्थित रुपमा भण्डारण गरेर राख्नुपर्ने देखिन्छ ।
- खोज तथा उद्धार कार्यका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलको प्रतिबद्धता रहेको छ र उनीहरूलाई २०७२ मा आएको भूकम्पका कारण उत्पन्न विपद् जस्तो अवस्थामा आवश्यक खोज तथा उद्धार सामग्री तथा तालिमको थप व्यवस्थापन गर्नुपर्ने देखिन्छ । अग्नि समक यन्त्र १५ वटा , ग्यास कटर ५ वटा, स कटम ५ वटा, ब्रेकर ५ वटा, जेनेरेटर ५ के भि ए १ वटा, सर्च लाइट ५० वटा, हेड लाइट ५० वटा , मोटर वोट २ वटा, ट्युव ३० वटा, डोरी १००० मिटर , लाइफ ज्याकेट १०० वटा, फयर सुट २ वटा ,स्ट्रेचर ३० वटा , प्राथमिक उपचार सामाग्री ५०,पिक/सावेल/स्पेड/यास ५०/५०वटा, ग्यास माक्स सेट १० वटा अक्सिजन सिलिन्डर ५ वटा, ड्रिल मेशिन हेब्वी ५ वटा, वालुवा भरेको बोरा ४०००

वटा,तार जाली २० वटा, त्रिपाल ५००० वटा, पानी भरेको बोतल १०००, टचिङ ३ सेट ,प्रोटेवल पानी ट्याङकि ५ वटा , पेलिथिन पाइप १ इनचको १००० मिटर, वटर पम्प ५ वटा, सोलार लाइट १०० वटा ,सोलार प्यानल ५ वटा , टर्च लाइट ४० वटा रहेका छन् तथापि अत्यावश्यक उद्धार सामग्रीहरुको थप वन्दोवस्त गर्न जरुरी देखिन्छ,

- सूचना तथा सही तथ्याङ्कको अभावमा राहत वितरणमा गाऱ्हो भइरहेको छ। वास्तविक सूचनाको लागि स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूलाई सक्रिय र दक्ष बनाउदै सूचनालाई ब्यवस्थित बनाउनु पर्ने देखिन्छ,
- आपतकालीन अवस्थामा सूचना तथा अन्य अत्यावस्यक कार्य सञ्चालनका लागि जिल्लामा आपतकालीन सञ्चालन केन्द्र (Emergency Operating Centre) लाई थप क्रियाशिल वनाउनु पर्ने देखिन्छ,
- स्वास्थ्य तथा पोषणका क्षेत्रमा औषधिहरू भएपनि बेलामा पुग्ने गरेको छैन, घाइते तथा बिरामीका लागि तत्काल आवश्यक पर्ने न्युनतम मौजात तयारी अवस्थामा राख्नु पर्ने देखिन्छ,
- सिफारिस र सञ्चालन गर्दा लाग्ने खर्च (Referral cost र Operation cost) जिल्ला छअस्पतालले व्यहोर्ने व्यवस्था नभएको,
- महामारीबाट ५००० जना प्रभावित भएका छन्, सिफारिस हुने बिरामी ५०० जना छन्,
- जिल्ला स्तरमा मध्यम खाले traumatic care हुने स्वास्थ्य संस्थाहरुः
  - ✓ हेटौंडा अस्पताल ( ५० बेड )
  - ✓ हेटौंडा अर्थोपेडिक अस्पताल ( १० बेड )
  - ✓ चुरेहिल अस्पताल ( १५ बेड ) तर जटिल ट्रमाट्रिक स्याहार व्यवस्थापन Serious traumatic care management हुने अस्पताल नभएको।
  - ✓ सिफारिस Refer भई अस्पताल भर्ना हुने बिरामीको खर्च व्यवस्थापन नभएको,
- महामारीको अवस्थामा सुरक्षित बास, लत्ता कपडाको अभाव हुने,
- खानेपानीको अभावमा बिभिन्न रोगहरू देखापर्ने भएकाले छिटो भन्दा छिटो पानी शुद्धीकरण गर्ने वा शुद्ध पानी उपलब्ध हुने बातावरण सिर्जना गर्नु पर्दछ। जम्मा १५ हजार परिवारका लागि पानी शुद्धीकरणको सामग्री उपलब्ध हुने देखिन्छ,
- जिल्लाभरिका सबै क्षेत्रमा जान सकिने गरी सडक तथा अन्य यातायातलाई परिचालनका लागि तयारी गर्नुपर्छ,
- बालबालिका, किशोरी, महिला तथा वृद्धवृद्धाको संरक्षणका लागि सहायता डेस्क सञ्चालन तथा मनोवैज्ञानिक परामर्शको प्रवन्ध गर्नु पर्दछ,
- महिला, बालबालिकाको खोजतलास तथा फेला परेकालाई संरक्षणको समस्या,
- बालबालिकाको शिक्षा निरन्तर सञ्चालन गर्न अस्थायी तथा स्थायी सिकाई केन्द्र स्थापना तथा सञ्चालन, शैक्षिक सामग्री, पोसाक, पाठ्यपुस्तक लगायतका सामग्रीको समेत व्यवस्था मिलाउनु पर्ने देखिन्छ जुन सामग्रीहरू अभाव देखिन्छ,

## २.७.६ सामान्य प्राथमिकता प्राप्त पूर्व तयारी कार्य

विपद्को समयमा आपतकालीन कार्ययोजनालाई सम्बोधन गरी उपयुक्त पूर्व तयारीको सुनिश्चित गर्न तालिकामा उल्लेखित पूर्व तयारीका प्राथमिकतापूर्ण कार्यहरू जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठक तथा कार्यशालाले सहमति निर्माण गरी तय गरे को छ। प्राथमिकता प्राप्त पूर्व तयारी कार्य र कार्यान्वयन कार्यतालिका सहितको कार्ययोजना निम्नानुसार रहेको छ।

| सि. नं. | प्राथमिकता प्राप्त पूर्व तयारी कार्यको सूची | मुख्य जिम्मेवार तह | कार्यान्वयन गर्ने तरिका | समय सिमा |
|---|---|---|---|---|
| १. | आधारभूत, खण्डीकृत तथा जनगणना तथ्याङ्क सङ्कलन तथा तयारी | जिविब्यस | बैठक | फागुन मसान्त |
| २. | मानवीय सहायतामा संलग्न तहहरूलाई संयुक्त लेखाजोखा विधि सम्बन्धी तालिम IRA प्रारम्भिक द्रूत लेखाजोखा, MIRA वहुक्षेत्रीय द्रृत लेखाजोखा | नेरेसो, प्लान नेपाल जिविब्यस | तलिम | चैत्र मसान्त |
| ३. | विषयगत क्षेत्रवीच आन्तरिक र वाह्य समन्वय गर्न संयन्त्र स्थापना | जिविब्यस | कार्यशाला | मंसीर मसान्त |
| ४. | सुरक्षा तह र अन्य सङ्घसंस्थालाई खोजी तथा उद्धार तालिम | जिविब्यस, नेरेसो | तलिम | चैत्र मसान्त |

| | | | | |
|---|---|---|---|---|
| ५. | विपद्सम्बन्धी जनचेतना अभिवृद्धि<br><br>महिला, बालबालिका, राजनीतिक  पाटीका कार्यकर्ता, प्रकोप प्रभावित, यूवा, स्थानीय स्तरमा योजना निर्माणमा सहभागी हुने व्यक्तिहरू,<br>सामाजिक अगुवाहरू, शिक्षक र अन्य तहहरू | स्थानीय तह, जिविब्यस, नेरेसो, प्लान नेपाल, | भेला, गोष्ठी तथा तालिम | निरन्तर |
| ६. | स्थानीय कार्यान्वयन गर्ने साझेदारी तहको पहिचान र सामूहिक पद्धतिको स्थापना | जिसस, जिविब्यस | बैठक | मंसीर मसान्त |
| ७. | विपद् पूर्व तयारी बारेमा राजनैतिक दल र नागरिक समाजका लागि संयुक्त अभिमुखीकरण | स्थानीय तह, जिविब्यस, नेरेसो, प्लान नेपाल, | भेला, गोष्ठी तथा तालिम | जेठ |
| ८. | आवधिक पुनरावलोकन र पृष्ठपोषण पद्धतिको स्थापना | स्थानीय तह, जिविब्यस, नेरेसो, क्षेत्रगत समूह | बैठक | मंसीर मसान्त |
| ९. | कार्यसञ्चालन विधि सहितको आपतकालीन प्रतिकार्य कोषकोनिरन्तर सञ्चालन | स्थानीय तह, जिविब्यस, नेरेसो | बैठक | निरन्तर |
| १०. | जिल्ला प्रशासन कार्यालयमा विपद् व्यवस्थापन समितिला आवश्यक उपकरण सहित सुदृढीकरण | जिविब्यस,जिसस, नेरेसो, प्लान नेपाल, राडो नेपाल, सिसिडिएन | बैठक | यसै आ.व. बाट |
| ११. | नियमित अन्तरालमा सम्भाव्य प्रकोप नक्सा निर्माण तथा परिमार्जन | जिविब्यस,जिसस, नेरेसो, राडो नेपाल, सिसिडिएन | सर्वेक्षण | चैत्र मसान्त |
| १२ | प्रकोप सम्वन्धी सूचना सङ्कलन र वितरणका लागि जिल्लास्तरमा “पूर्व सचेतना प्रणाली”को स्थापना | जिविब्यस,जिसस, नेरेसो, प्लान नेपाल | बैठक | चैत्र मसान्त |
| १३ | जोखिम तथा सङ्कटासन्न भवन (अस्पताल, विद्यालय आदि), पूर्वाधार (विद्युत स्टेशन, पूल कलर्भट आदि) को मापन | जिविब्यस, जिसस, नेरेसो, गाउँ/नगरपालिका | सर्वेक्षण | चैत्र मसान्त |
| १४ | स्थानीय तह स्तरमा सूचना सञ्जाल तयार | जिविब्यस,जिसस, नेरेसो, | कार्यशाला | चैत्र मसान्त |
| १५ | शहरी तथा ग्रामीण योजनामा प्रकोप पछिको अस्थायी व्यवस्थापन (बसोबास)का लागि खुल्ला स्थान/क्षेत्र निर्धारण | जिविब्यस,जिसस, नेरेसो, राडो नेपाल, सिसिडिएन, स्थानीय तह | भेला तथा बैठक | साउन मसान्त |
| १६ | विपद्बाट हुने क्षति र पूर्व सचेतना सम्बन्धी जनचेतना अभियान सञ्चालन | जिविब्यस,जिसस, नेरेसो, प्लान नेपाल, | भेला तथा तालिम | निरन्तर |
| १७ | विपद्व्यवस्थापन सम्बन्धी स्थानीय स्तरमा भएका परम्परागत सिप, ज्ञान, व्यवहार र मूल्य मान्यताहरूको अभिलेख तयार | जिविब्यस, जिसस, नेरेसो, प्लान नेपाल, | बैठक तथा सर्भेक्षण | निरन्तर |
| १८ | प्रकोपबाट हुने जोखिम तथा सम्भाव्य क्षतिको आवधिक मापन | जिविब्यस,जिसस, | कार्यशाला | साउन |
| १९ | जिल्ला विपद्व्यवस्थापन क्षेत्रमा काम गर्ने प्रमुख सरोकारवालाहरूको पहिचान | जिविब्यस, जिसस, नेरेसो, प्लान नेपाल, | भेला, बैठक | साउन मसान्त |

| | | | | |
|---|---|---|---|---|
| २० | आपतकालीन अवस्थाका लागि जिल्लामा सामान आपूर्ति गर्ने गोदामको व्यवस्था गर्ने | जिविब्यस, जिसस, प्लान नेपाल, | भेला तथा बैठक | साउन मसान्त |
| २१ | जिल्ला स्तरमा खोज तथा उद्धारका लागि स्थायी टोलीको गठन गर्ने | जिविब्यस,जिसस, नेरेसो, सिसिडिएन, राडो नेपाल खोज तथा उद्धार क्षेत्र | भेला तथा बैठक | साउन मसान्त |
| २२ | स्थानीय क्षेत्रमा आपतकालीन समयमा खाली गर्नु पर्ने स्थानहरू पहिचान गर्ने | स्थानीय तह र सिसिडिएन राडो नेपाल | भेला तथा बैठक | साउन मसान्त |
| २३ | सबै प्रकारका प्रकोपका लागि विपद् व्यवस्थापल सम्वन्धी विज्ञहरू भएको, योजना निर्माण समितिलाई सक्रिय वनाउने | जिविब्यसजिसस, नेरेसो, प्लान नेपाल, | भेला तथा बैठक | साउन मसान्त |
| २४ | जिल्लामा आपतकालीन सञ्चालन केन्द्र (Emergency Operation centre) स्थापनाका लागि केन्द्रिय विपद् व्यवस्थापन समितिमा पहल गर्ने। | जिविब्यस | बैठक तथा समन्वय | निरन्तर |
| २५ | जिल्लामा विपद्सम्बन्धी सामान भण्डारण गर्न भण्डार गृह निर्माणका लागि केन्द्रिय विपद् व्यवस्थापन समितिमा पहल गर्ने | जिविब्यस | बैठक तथा समन्वय | निरन्तर |
| २६ | स्थानीय स्तरमा रहेका सँगठित र स्थायी सेवाकेन्द्र/ विद्यालय/सहकारी/क्लब/यूवा समूह/आमा समूह आदि संयन्त्रहरूलाई विपद् व्यवस्थापन सम्बन्धी चेतना अभिवृद्धि गरी सुरक्षित समुदाय निर्माणमा परिचालन | जिविब्यस,जिसस, नेरेसो, प्लान नेपाल, जिल्ला शिक्षा कार्यालय | भेला तथा बैठक | निरन्तर |
| २७ | स्थानीय विकास मन्त्रालयको स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ बमोजिम प्रत्येक गाउँपालिका तथा न.पा. लाई योजना तर्जुमा गरी बजेट विनियोजनका लागि निर्देशन दिने र भए नभएको अनुगमन | जिविब्यस,र जिल्ला समन्वय समिति | भेला तथा बैठक | निरन्तर |
| २८ | सामुदायिक तथा संस्थागत विद्यालयको भवनको जोखिम तथा सङ्कटासन्न्ता मापन गरी भूकम्प प्रतिरोधी भवनमा विद्यालय सञ्चालन गर्न र संस्थागत विद्यालयहरूलाई क्रमश आफ्नै भवन निर्माणका लागि प्रोत्साहित । | जिविब्यस,जिल्ला समन्वय समिति, जिल्ला शिक्षा इकाइ, प्रयास परियोजना, प्लान नेपाल, हेटौंडा उप महानगरपालिका | भेला, बैठक, सर्भेक्षण तथा समन्वय कार्य | निरन्तर |

# खण्ड– तीन

# क्षेत्रगत अवधारणा र उद्देश्य

## ३.१ क्षेत्रगत अवधारणा तथा क्षेत्र परिचय

जिल्लामा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको प्रभावकारिताका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरमा विकास भएका क्षेत्र (Cluster) को अवधारणालाई आधार मानेर कार्य विभाजन गर्नु उपयुक्त हुन्छ । यस अवधारणाको कार्यान्वयन गर्न जिल्लाका लागि केही कठिनाइ हुने भए पनि विगतका विपद्का समयमा गरिएको प्रतिकार्यको अनुभवका आधारमा काम गर्न सकिने तथा गरिएको काम प्रभावकारी हुने र काममा दोहोरोपना नआउने देखिएको हुँदा यस योजनाले क्षेत्रगत अवधारणालाई आत्मसात गरेको छ ।

विपद्बाट प्रभावित मानिसलाई सरकारी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध गराइने मानवीय सहयोगलाई विशेषज्ञता तथा अनुभवका आधारमा परिचालन गर्नु सान्दर्भिक र वैज्ञानिक हुनेछ । यसका लागि अन्तर्राष्ट्रिय तहमै विभिन्न क्षेत्रहरू पहिचान गरिएका छन् । अतः क्षेत्रगत अवधारणालाई 'विपद्बाट विस्थापित समुदायलाई उपलब्ध गराइने मानवीय सहयोग विशेषज्ञता प्राप्त निकाय तथा संस्थाको नेतृत्वमा उपलब्ध गराउन गरिएको कार्यविभाजन' भनेर परिभाषित गर्न सकिन्छ ।

### ३.१.१ क्षेत्रगत अवधारणाका विशेषताहरुः

- विशेषगरी ठूलो विपद्को अवस्थामा सक्रिय रहने भए पनि क्षेत्रगत अवधारणाले समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
- प्रतिकार्य (खोज, उद्धार र राहत) प्रक्रियामा विशेषज्ञताको उपयोग हुन्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी बनाउने कार्यलाई सुनिश्चित गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाका तयार गर्छ ।
- प्रतिकार्यमा देखिएका कमीकमजोरीको निराकरण गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकताअनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

### ३.१.२ क्षेत्रगत अवधारणाका प्रमुख उद्देश्य :

- क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु,
- आपतकालीन पूर्व तयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु,
- क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायका लागि विशेषज्ञ परिचालन गर्नु,
- समन्वय र समझदारी अभिवृद्धि गर्नु,
- क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

### ३.१.३ क्षेत्रगत अवधारणाको आवश्कता तथा महत्वः

- प्रतिकार्यका लागि विशेषज्ञता प्राप्त तह वा संस्थाको नेतृत्वमा कार्य विभाजन हुने भएकाले प्रत्येक क्षेत्रबाट उपलब्ध हुने आधारभूत आवश्यकताको वितरण प्रभावकारी भई सबै वर्गका प्रभावित समुदायको पहुँच कायम रहन्छ ।
- प्रत्येक क्षेत्रमा सो क्षेत्रको विशेषज्ञता प्राप्त तहले नेतृत्व गर्ने हुँदा विपद्-प्रतिकार्यका क्रममा विशेषज्ञको सेवा उपलब्ध हुन्छ ।
- आपतकालीन समयमा गर्नु पर्ने मानवीय सहयोगसम्बन्धी कार्यका लागि आवश्यक पूर्व तयारी गर्ने व्यवस्था भएकोले वस्तुको आपूर्ति, समन्वय, सूचना प्रवाह र सहयोगको वितरण प्रभावकारी हुन्छ ।
- आपतकालीन समयमा चाहिने सामग्रीको पूर्व बन्दोवस्त तथा भण्डारणको उचित व्यवस्था हुन्छ भने तत्कालै व्यवस्था गर्नु पर्ने अवस्था भएमा कार्य चुस्त र छिटो छरितो रूपमा हुन्छ ।
- मानवीय सहयोगका सम्पूर्ण प्रक्रिया सहभागितात्मक विधिबाट गरिने भएकाले आन्तरिक विवाद र अन्य सबै प्रकारका कठिनाई तथा बाधा हट्छन् ।
- उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग भई सबैमा जवाफदेहीताको विकास र उत्तरदायित्व बोध हुन्छ ।

## ३.२ विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि क्षेत्रगत समितिहरूको संरचनातथा क्षेत्रगत अगुवाहरू :

| क्र. सं | क्षेत्र | समूह प्रमुख | | | |
|---|---|---|---|---|---|
| | | सङ्घ/संस्था | सम्पर्क व्यक्ति | सम्पर्क ठेगाना | सम्पर्क नम्बरहरू |
| १ | सूचना, समन्वय र खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय/नेपाली सेना/नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रि अनुसनधान विभाग | आसमान तामाङ /प्र.से अमिल बुढाथोकी/प्र.ना.उ यज्ञप्रसाद भट्राई /स.प्र.उ श्याम कोइराला /उप. निद्रेशक कमल बहादुर थापा | जिल्ला प्रशासन कार्यालय/नेपाली सेना /नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसनधान विभाग | ९८५५०२७७७७/९८५५०१५६५५ /१०० र ०५७५२००९९ /१११४ र ९८५१२७२३९५/ ९८५५०६७४१७ |
| २ | खाद्य सामग्री तथा कृषि | कृषि ज्ञान केन्द्र/पशु भेटनरी अस्पताल / खाद्य संस्थान | कृषि अधिकृत र भेटनरी अधिकृत | कृषि ज्ञान केन्द्र/पशु भेटनरी अस्पताल / खाद्य संस्थान | ९८४५१०९८१५ |
| ३ | आवाश/गैर खाद्य सामग्री | भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र/सघन शहरी तथा भवन निर्माण कार्यालय/ रेडक्रस | प्रमुख / रेडक्रस फोकल व्यक्ति खेमराज सापकोटा | भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र / सघन शहरी तथा भवन निर्माण कार्यालय | ९८५११५३२०६/०५७५२०३४४/ ९८५५०६८२५५ |
| ४ | स्वास्थ्य तथा पोषण | जिल्ला स्वास्थ्य कार्यालय | शशिकान्त सिंह | जिल्ला स्वास्थ्य कार्यालय | ०५७ ५२०४०९<br>मो नं : ९८५५०२०७१८ |
| ५ | खानेपानी तथा सरसफाई | सङ्घीय खाने पानी तथा ढल व्यववस्थापन आयोजना/खानेपानी तथा सरसफाई डिभिजन नं १ हेटौंडा | नन्दलाल बन्जाडे/ बालमुकुन्द श्रेष्ठ | प्रमुख | ९८५६०७७५६०/ ९८५५०७२७२६ |
| ६ | शिक्षा र संरक्षण | शिक्षा ईकाई र जिल्ला समन्वय समिति | लीलानाथ गौतम /रामकृष्ण थापा | इकाई प्रमुख/ जिल्ला समन्वय समिति प्रमुख | फोन नं.: ०५७५२०५०१<br>मो.नं.: ९८५५०३०५०१/ ९८५५०६७३२३ |
| ७ | प्रवन्ध व्यवस्थापन तथा पुनर्लाभ | जिल्ला प्रशासन कार्यालय तथा डिभिजन वन कार्यालय | आसमान तामाङ /इमनाथ पौडेल र दीर्घनारायण कोइराला | जि. प्रशासन कार्यालय प्रमुख, डिभिजन वन कार्यालय प्रमुख | ९८५५०२७७७७/९८५५०६७९९३ /९८५५०१९६७८ |

# खण्ड- चार

# क्षेत्रगत उद्देश्य र योजना

## ४.१ सूचना समन्वय र खोज तथा उद्धार क्षेत्र

### ४.१.१ सूचना र समन्वय क्षेत्र

विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि समन्वय तथा सूचना व्यवस्थापन र खोज तथा उद्धार क्षेत्रको महत्वपूर्ण दायित्व रहेको हुन्छ । प्रकोप प्रभावित सुमदायलाई एकीकृत रुपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्नु पर्ने हुन्छ ।

**क) बाढी, पहिरो र अन्य प्रकाप पश्चात्‌को सम्भावित परिदृश्य**

- सूचना प्रसारण प्रविधिहरू अवरुद्ध वा नष्ट हुने,
- सडक, पुल, विद्युत् आपूर्ति, सञ्चार आदि सार्वजनिक पूर्वाधारहरू क्षतिग्रस्त हुने,
- आवागमन अवरुद्ध भएर प्रभावित क्षेत्रमा पहुँचको कठिनाई हुने,
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बालबालिका, महिला, गर्भवती तथा सुत्केरी जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति मुख्य रूपमा प्रभावित हुने,
- ठूलो सङ्ख्यामा मानिस विस्थापित हुने,
- उद्धार, सुरक्षा, राहत वितरणजस्ता मानवीय कार्यका लागि आवश्यक सूचना सङ्कलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुने ।

**ख) क्षेत्रगत उद्देश्य**

समन्वय, सूचना सङ्कलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ । योजनाका समष्टिगत उद्देश्य निम्नअनुसार हुनेछन् :

- विपद्को समयमा सरकार, दातृ तह, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु,
- निर्धारित समयभित्र "बहुक्षेत्र द्रूत लेखाजोखा विश्लेषण (Multy Cluster Initial Rapid Assessement- MIRA) " गर्न आवश्यक समन्वय गर्नु / MIRA कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु,
- सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु,
- नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु,
- प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

**ग) पूर्व सूचना प्रणाली**

पूर्व सूचना प्रणालीलाई समन्वय र सूचना व्यवस्थापन अर्न्तगत राख्न उपयूक्त देखिन्छ । प्रकोप प्रभाबित समुदायलाई समयमै प्रकोपको बारेमा सचेत गराउन अपनाइने माध्यम प्रकोप पूर्व सूचना प्रणाली हो । मकवानपुर जिल्लाका बिभिन्न प्रकोप प्रभावित समुदायहरूले समयमै प्रकोपको स्थितिको बारेमा थाहापाएमा उनीहरू सोहीअनुरुप पूर्व तयारी हुन सक्षम हुन्छन जस्ले गर्दा जनधनको क्षति कम हुन गइ प्रकोप प्रभाबितहरूको सङ्ख्यामा पनि कमि हुन सक्दछ । तसर्थ यस जिल्लामा विभिन्न सङ्घ संस्थाहरूको समन्वय र सहकार्यमा प्रकोप पूर्व सूचना प्रणालीको स्थापना हुन अत्यावश्यक भइसकेको छ ।

यस जिल्लामा स्थायी पूर्व सूचना प्रणालीका रुपमा इन्द्रसरोवर गापाको मार्खु, भीमफेदी गापाको चिसापानी गढी, मनहरी गापाको रजैया तथा मनहरी बजारमा रेनफल स्टेसन तथा मनहरीगापाको रजैंया, मनहरी र लोथरमा हाइड्रोलोजिकल स्टेशन रहेको छ । जसलाई जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र विपद् व्यवस्थापनको अङ्गको रुपमा विकास गर्नुपर्दछ । यसका साथै गाउँपालिका स्तरसम्म मातहतका कार्यालय तथा केन्द्र रहेका तहहरू, गाउँपालिका तथा अन्य सङ्घसंस्थाले आफ्नो तालुक कार्यालय र स्थानीय प्रहरी चौकीमा सूचना गर्ने बन्दोबस्त मिलाउने साथै सोझै जिल्लामा खबर गर्न चाहनेका लागि जिल्ला प्रहरी कार्यालयको टोल फ्री नम्बर १०० सेटबाट, ०५७-५२२००१ मा मोबाइलबाटको प्रयोग गर्ने सहमति सूचना, समन्वय र

सर्वे क्षेत्रको बैठकमा भएको छ। साथै यस जिल्लाको कुनै पनि क्षेत्रमा दैनिक २४ घण्टाभित्र २५० मिमी भन्दा बढी वर्षा भएमा तत्काल जिल्लाभित्र रहेका रेनफल स्टेशनबाट अध्यावधिक गरी उक्त क्षेत्रमा सतर्क भएर बस्न र त्यस जलाधार क्षेत्रका बस्तीलाई समेत सतर्क भएर बस्न तत्काल आधिकारिक तहबाट सूचना प्रसारण गर्ने सहमती भएको छ।

हालै सवल परियोजनाको सहयोगमा जिल्लाको आमभञ्ज्याङ, छतिवन, फापरवारी र राईगाउँ नामटार,सिस्नेरी, टिस्टुङमा वर्षा मापन केन्द्र स्थापना गरिएको छ सोबाट पनि सोसँग सम्बन्धित सूचना प्राप्त गर्न सकिन्छ।

**घ) पूर्व सूचना प्रणालीको भूमिका**

१) पूर्व सूचना प्रणाली अन्तर्गत स्थापना भएको सञ्चारको च्यानल मार्फत प्रभावकारी समन्वय र प्रयोग गरेर,
२) समयमै सुरक्षा तहहरूलाई प्रकोपको अवस्थितिको बारेमा जानकारी दिइ खोजतलास तथा उद्धार कार्यमा तयारी गर्नका लागि,
३) सोही सूचनाका आधारमा सम्बन्धित क्षेत्रमा रहेका खोज तथा उद्धार सामग्रीहरू प्रयोगमा ल्याउन,
४) प्रकोप पर्नु अगावै वर्षा र नदीको अवस्थालाई ध्यानमा राखि खोज तथा उद्धार कार्यमा तयारी गर्नका लागि,
५) पूर्व सूचना प्रणाली स्थापना गरिएका समुदायहरू बाहेकका अन्य समुदायहरूमा छिटो र छरितो रुपमा सेवा प्रदान गर्न,
६) स्थानीय तहद्वारा सञ्चालित स्थानीय विकास रेडियो कार्यक्रम मार्फत विपद् पूर्व तयारी सम्बन्धी सूचनामूलक सामग्रीहरु प्रकाशन।

मकवानपुर जिल्लामा पूर्व सूचना प्रणालीको बिस्तार र सस्थागत गर्नका लागि जिल्ला स्थित जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरू, सञ्चारहरू एवम् विभिन्न सरकारी, गैर सरकारी तहहरूको अहम् भूमिका रहन्छ। जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरले विभिन्न सरोकारवालाहरूको समन्वय र सहकार्यमा मकवानपुर जिल्लामा पूर्व सूचना प्रणाली स्थापनाका लागि निम्न क्रियाकलापहरूमा सहयोग प्रदान गर्न सक्तछ :-

१) सङ्कटासन्न क्षेत्रहरूको पहिचान
२) जिल्ला विपद् व्यवस्थापन समिति, मकवानपुर र कार्यरत तहहरूको समन्वयमा जिल्ला स्थित कार्यरत तहहरूको नक्शाङ्कन
३) मुख्य सञ्चारका ठाउहरू र सर्म्पक ठेगानाहरूको पहिचान।
४) नदि र बर्षाको स्तर अबलोकनका लागि अबलोकन क्षेत्रहरूको पहिचान र आबश्यकतानुसार बर्षा र नदि अवलोकन केन्द्रहरूको स्थापना।
५) पूर्व सूचना प्रणाली स्थापनाका लागि बिभिन्न आवश्यक स्थानहरूमा सञ्चार एवम् अन्य सामग्रीहरूको व्यवस्था (ठूलो क्षेत्र समेट्नका लागि अन्य सङ्घ सस्थाको पनि सहयोग आबश्यक हुन्छ)।
६) उपयुक्त सञ्चार च्यानलहरूको निर्माण।

## ४.१.१.१ सूचना, समन्वय सर्भे र खोज तथा उद्धार क्षेत्रको समितिको संरचना

| क्र.सं | क्षेत्रगत साझेदारहरूको नाम | सम्पर्क व्यक्ति | ई-मेल ठेगाना र टेलिफोन नम्बर |
|---|---|---|---|
| | **सरकारी निकाय** | | |
| १ | जिल्ला प्रशासन कार्यालय | देव चन्द्र गरतौला | ९८५१०९३६८६/०५७५२०४९५ र ५२००१२ |
| २ | नेपाली सेना | प्र.से अमिल बुढाथोकी | ९८५५०१५६५५ |
| ३ | नेपाल प्रहरी | प्र ना उ यज्ञ प्रसाद भट्राई | १०० / ०५७५२००९९ |
| ४ | सशस्त्र प्रहरी बल श्री पुरानो गोरख | स.प्र.उ श्याम कोइराला | १११४ / ९८५०१२७२३९५ |
| ५ | राष्ट्रिय अनुसन्धान विभाग | उप निर्देशक | ९८५५०६७४१७ |
| ६ | जिल्ला कृषि ज्ञान केन्द्र | निर्मल गदाल/ | ९८५५०६७९६४ |

| | | | |
|---|---|---|---|
| | **स्थानीय तह** | | |
| ७ | जिल्ला समन्वय समिति मकवानपुर | रामकृष्ण थापा | ९८५५०६७३२३ |
| ८ | हेटौंडा उपमहानगरपालिका | हरिवहादुर महत | ९८५५०६७०३२ |
| ९ | थाहा नगरपालिका | लवसेर विस्ट | ९८५५०६७६९२ |
| १० | वागमती गाउँपालिका | सर्केस घलान | ९८५५०७२०७२ |
| ११ | बकैया गाउँपालिका | दामोदर खनाल | ९८५५०७०६९७ |
| १२ | मकवानपुर गढी गाउँपालिका | विदुर हुमागाईं | ९८५५०७३८१० |
| १३ | भीमफेदी गाउँपालिका | हिदम लामा | ९८५५०६८२८६ |
| १४ | इन्द्रसरोवर गाउँपालिका | जीवन लामा | ९८५५०८८१४५ |
| १५ | कैलास गाउँपालिका | टंक मोक्तान | ९८५५०६८५९० |
| १६ | राक्सीराङ गाउँपालिका | राजकुमार मल्ल | ९८५५०६९४०५ |
| १७ | मनहरी गाउँपालिका | एकराज उप्रेती | ९८४५०७१६१४ |
| | **सामाजिक सङ्घ संस्थाहरु** | | |
| १८ | नेपाल रेडक्रस सोसाइटी मकवानपुर | खेमराज सापकोटा | ९८५५०६८२५८ |
| १९ | प्लान इन्टरनेशनल मकवानपुर इकाई | दिपेन्द्र सिं सामन्त | ९८४८७७५०९८ |
| २० | पत्रकार महासङ्घ | हरिप्रसाद हुमागाईं | ९८५५०६८९६१ |
| २१ | सामुदायिक ऊर्जा तथा पर्यावरण विकास मञ्च | तुलसी रिजाल | ९८४५०२७९३३ |
| २२ | नेपाल विद्युत प्राधिकरण | शम्भु कुसियात यादव | ९८४१४००४५४ |
| २३ | नेपाल टेलिकम | सन्जिव कुमार देव | ९८५१०३७१०० |

## ४.१.१.२ सूचना, समन्वय र सर्भेको लागि रहेको विद्यमान श्रोत तथा क्षमताको विवरण

| क्र. सं. | कार्यालय/ संस्था | मानवीय श्रोत | वजेट | सामग्री |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | विपद् व्यवस्थापन हेर्ने शाखामा कार्यरत मानव शक्ति | | कार्यालयको टेलीफोन, गाडी तथा उद्धार सामग्री |
| २ | जिल्ला समन्वय समिति | गाउँपालिकाका कार्यकारी अधिकृत तथा कर्मचारीहरु, सामाजिक परिचालकहरू तथा स्थानीय विपद् व्यवस्थापन समिति | | गाडी १<br>मोटरसाइकल २ |
| ३ | जिल्ला प्रहरी कार्यालय / नेपाल सेना/नेपाल प्रहरी/ सशस्त्र प्रहरी बल/राष्ट्रिय अनुसान्धान विभाग | सूचना सञ्जाल, इलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीहरू | | टोल फ्री नम्बर सेटबाट १०० र मोवाइलबाट ०५७५२२००१, सञ्चार सेट, प्रहरी भ्यानहरू |
| ४ | जिल्ला कृषि ज्ञान केन्द्र/ पशु/वन | जिल्ला तथा सेवा केन्द्रमा कार्यरत कर्मचारीहरू | छैन | टोल फ्री नम्बर |

| | | | | |
|---|---|---|---|---|
| ५ | सरकारी कार्या सेवा केन्द्रहरू (भेटेनरी तथा पशु सेवा विकाश केन्द्र,कृषि ज्ञान केन्द्र, हुलाक, वन तथा स्वास्थ्य कार्यालय) | सेवा केन्द्रमा कार्यरत कर्मचारीहरू | | सेवा केन्द्रमा रहेका सवारी साधन तथा फोनहरू |
| ६ | राजनीतिक दलहरू | जिल्ला, गाउँ तथा टोलसम्मका सङ्गठन, भातृ सङ्गठन तथा कार्यकर्ताहरू | | कार्यालय तथा ब्यक्तिगत फोनहरू |
| ७ | नेपाल रेडक्रस सोसाइटी | जिल्ला शाखा तथा उपशाखामा कार्यरत स्वयम्सेवकहरु | | गाडी १, मोटरसाइकल २ तथा तथा राहत र उद्धारका सामग्रीहरु |
| ८ | गैसस महासङ्घ | आवद्ध संस्था तथा कर्मचारी | | संस्थामा रहेका सामग्रीहरु |
| ९ | पत्रकार महासङ्घ | महासङ्घमा आवद्ध सदस्यहरु | | सूचना सङ्कलनका लागि प्रयोग गरिने सञ्चार सामग्रीहरु |
| १० | नेपाल विधुत प्राधिकरण | कार्यरत कर्मचारीहरु | | कार्यालय र व्यक्तिगत फोनहरु, सवारी साधन क्रेन ट्रक, विधुतीय सामग्री |
| ११ | नेपाल टेलिकम | कार्यरत कर्मचारीहरु | | कार्यालयको सवारी साधन |

### ४.१.१.३ सूचना, समन्वय सर्भेको पूर्व तयारी कार्ययोजना

सूचना व्यवस्थापन समन्वय तथा सर्भेक्षेत्रले आपतकालीन समयमा गर्ने उल्लिखित कार्यका लागि निम्नअनुसार पूर्व तयारी गर्नु पर्नेछ :

| क्र.सं. | पूर्व तयारी क्रियाकलाप | जिम्मेवार तह | सहयोगी तह | समययावधि |
|---|---|---|---|---|
| १ | सबै क्षेत्र प्रमुखको सहभागितामा पूर्व तयारी बैठक र कार्यशालाको आयोजना :<br>• मनसुन प्रारम्भ हुनुअघि पूर्व तयारी बैठक गर्ने<br>• क्षेत्रगत कार्ययोजनाको समीक्षा र पुनरावलोकन गर्ने<br>• जिल्लास्थित सरोकारवालाबीच समन्वय गरी कार्यशाला गर्ने<br>• सङ्कटासन्नता तथा स्रोतको पुनरावलोकन गर्ने | जिविव्यस<br><br>जिसस<br>जिविव्यस | सबै क्षेत्रका प्रमुख,<br>दातृ निकाय<br>अ/गैसस | पहिलो बैठक जेष्ठको पहिलो हप्ता भित्र ।<br><br>क्षेत्रगत समीक्षा र अन्तिम कार्यशाला जेठ मसान्तभित्र |
| २ | सङ्कटासन्न गाउँपालिका र जिल्लास्तरमा गठन भएका पूर्व सूचना तथा पूर्व चेतावनी प्रणाली समन्वय समितिहरूलाई परिचालन गर्ने<br>स्थानीय विपद् व्यवस्थापन समितिलाई विपद्का समयमा सूचना प्रणाली सम्बन्धी तालिम दिने | जिसस | गाउँपालिका,<br>दातृ निकाय, अ/गैसस | नियमित रूपमा |
| ३ | साझेदार तथा सहयोगी तहको सूची तयार गर्ने | क्षेत्र प्रमुख | दातृतह, अ/गैसस | जेठ १५ भित्र |
| ४ | बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (MIRA)तयारी | | | |
| ४.१ | सबै क्षेत्रका एक-एक सदस्य रहेको मिरा कार्यदल गठन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस सबै क्षेत्र प्रमुख | वैशाख मसान्त |

| | | | | |
|---|---|---|---|---|
| ४.२ | मिरासम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने | क्षेत्र प्रमुख | जिविव्यस दातृ तह अ/गैसस | जेठको पहिलो साता |
| ४.३ | मिराका लागि फाराम र निर्देशिका तयार गरी एक-एक हजार प्रति तयार गर्ने | क्षेत्र प्रमुख | जिविव्यस दातृ तह अ/गैसस | जेठको पहिलो साता |
| ४.४ | मिराको कार्यान्वयनका लागि सम्पर्क व्यक्ति तोक्ने | जिविव्यस | क्षेत्र प्रमुखहरू | जेठको पहिलो साता |
| ४.५ | आधाररेखा सर्भेक्षण गरी तथ्याङ्कलाई सूचना केन्द्रमा अध्यावधिक गर्ने | क्षेत्र प्रमुख | जिसस दातृ तह अ/गैसस | जेठको पहिलो साता |
| ५ | जिल्ला प्रशासन कार्यालयको हाताभित्र जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना गर्ने | क्षेत्र प्रमुख तथा तोकिएको अधिकारी | जिविव्यस | आगामी आर्थिकवर्ष |
| ६ | सबै गाउँपालिका र विशेषगरी सङ्कटासन्न गाउँपालिकाले सञ्चार सुविधाको व्यवस्था मिलाउने व्यवस्था गर्ने | क्षेत्र प्रमुख | गाउँपालिका सञ्चार सेवा प्रदायक तह | जेठ मिहनाभित्र |
| ७ | सङ्कटासन्न गाउँपालिकाहरूको बाढी तथा पहिरोपूर्वको समग्र अवस्था प्रष्ट्याउने वृत्तचित्र तयार गर्ने | | जिसस, जिविव्यस, दातृ तह | आगामी आर्थिक वर्ष |
| ८ | जोखिमयुक्त गाउँपालिकाहरूमा पूर्व चेतावनी (Early Warning)का लागि माइक तथा साइरने उपलब्ध गराउने वा अघिल्लो वर्षको व्यवस्थालाई अध्यावधिक गर्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिविव्यस, जिसस, दातृ तह, गाउँपालिका, अ/गैसस | असार पहिलो साताभित्र |
| ९ | पूर्वसूचना तथा चेतावनी प्रणालीलाई निर्वाध रूपमा सञ्चालन गर्न कोषको स्थापना गर्ने | क्षेत्र प्रमुख | जिसस, गाउँपालिका, साप्रव्यस, | असार मसान्तसम्म |
| १० | जनचेतना अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्ने<br>● विपद्सम्बन्धी जनचेतना अभिवृद्धि गर्न पम्प्लेट, पोष्टर, पर्चा तयार गरी विशेषगरी सङ्कटासन्न गाउँपालिकाहरूमा वितरण गर्ने<br>● एफएम रेडियो तथा पत्र पत्रिकामार्फत विपद् सम्बन्धी ज्ञान तथा जानकारी प्रचारप्रशार गराउने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, दातृ तह, अ/गैसस सञ्चार माध्यम | नियमित रुपमा |
| ११ | विस्थापितहरूको पहिचानका लागि १०,००० थान परिचय पत्र छपाई तयारी अवस्थामा राख्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, दातृ तह, अ/गैसस | असारको पहिलो हप्ता भित्र |
| १२ | मसलन्द सामान तयारी अवस्थामा राख्ने | क्षेत्र प्रमुख वा तोकिएको सदस्य | जिसस, दातृ तह, अ/गैसस | असार दोस्रो हप्ता |
| १३ | आधार रेखा सर्वेक्षण गर्ने र सबै क्षेत्रलाई उपलब्ध गराउने | क्षेत्र प्रमुखवा तोकिएको सदस्य | जिविव्यस, जिसस, गाउँपालिका | श्रावण पहिलो हप्ता |
| १४ | सङ्कटासन्न गाउँपालिकाका कर्मचारीहरुलाई विपद्सम्बन्धी अभिमुखीकरण तालिम दिने | जिविव्यस जिसस | अ/गैसस, प्लान इन्टरनेशनल, राडो नेपाल र सि सि डि एन | असारभित्र |
| १५ | बाढीपहिरो र यसबाट बच्ने ज्ञान प्रवाह गर्ने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य, सञ्चार कर्मी | वैशाखदेखि श्रावणसम्म |

## ४.१.१.४ सूचना, समन्वय सर्भे प्रतिकार्य योजना

बाढी आएको अवस्था र त्यसपछि स्थिति सामान्य नभएसम्मको लागि मानवीय सहयोग उपलब्ध गराउने प्रक्रियामा समन्वय तथा सूचना क्षेत्रले निम्नअनुसार कार्य गर्नु पर्ने व्यवस्था गरिएको छ :

| क्र. सं. | सहयोग क्रियाकलाप | जिम्मेवारी | सहयोगी तह तथा संस्था | कहिलेसम्म |
|---|---|---|---|---|
| क | प्रारम्भिक सहयोगसम्बन्धी क्रियाकलाप (तत्काल ०-३० दिनसम्मको लागि | | | |
| १ | जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय बैठक आयोजना गर्ने<br>• जानकारी तथा सूचना सङ्कलन गरी परिस्थितिको विश्लेषण गर्ने<br>• सबै क्षेत्र र तिनका सदस्यलाई सक्रिय पार्ने,<br>• परिस्थितिअनुसार कार्य विभाजन समीक्षा गर्ने | क्षेत्र प्रमुख | • जिल्ला प्रशासन कार्यालय<br>• जिसस<br>• क्षेत्रका सदस्य | १. बाढी सुरू भएको २४ घण्टाभित्र<br>२. पहिलो सात दिनसम्म एक दिन बिराएर<br>३. दोस्रो हप्तापछि हप्तामा एक पटक |
| २ | नेपाल रेडक्रस सोसाइटीको द्रूत लेखाजोखा सम्बन्धी (Rapid assessment tool)को प्रयोग गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने | क्षेत्र प्रमुख | • सुरक्षा निकाय<br>• नेरेसो<br>• सञ्चार माध्यम | २४ घण्टाभित्र |
| ३ | सञ्चार माध्यमका लागि हरेक दिन सूचना तथा समाचार उपलब्ध गराउने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख | पहिलो साता प्रत्येक दिन र त्यसपछि आवश्यकता अनुसार |
| ४ | बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा सञ्चालन गर्ने<br>• मिरा (MIRA)कार्यदल परिचालन गरी बाढीबाट भएको क्षति तथा प्रभावको सूचना सङ्कलन गर्ने,<br>• मिरा (MIRA)का लागि फाराम उपलब्ध गराउने | क्षेत्र प्रमुख | • जिसस<br>• क्षेत्रका तोकिएका सदस्य<br>• नेरेसो<br>• यूएनडीपी | ३ देखि ५ दिनभित्र |
| ५ | सङ्कलित सूचना तथा तथ्याङ्कको आधारमा प्रतिवेदन तयार पार्ने<br>• आधार रेखा (Base Line)का तथ्याङ्कको समीक्षा गर्ने<br>• प्रभावित परिवारको सङ्ख्या प्रक्षेपण गर्न प्रभावित गाउँपालिकासँग तथ्याङ्क प्राप्त गरी तुलनात्मक समीक्षा गर्ने<br>• प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको अवस्था र स्रोतको समीक्षा गर्ने<br>• जिल्लामा उपलब्ध उद्धार तथा अन्य प्रतिकार्यसम्बन्धी सेवा, क्षमता र उद्धार सामग्रीको अवस्थाको समीक्षा गर्ने,<br>• नपुग स्रोत तथा साधनको यकीन गर्न प्रतिवेदनमार्फत सबै क्षेत्रलाई उत्प्रेरित गर्ने | क्षेत्र प्रमुख | • मिरा कार्यदल,<br>• सुरक्षा तह<br>• दातृ तह<br>• अ/गैसस,<br>• नेरेसो<br>• सरकारी निकाय<br>• स्थानीय तह | • पहिलो प्रतिवेदन- ७ दिनभित्र<br>• दोस्रो प्रतिवेदन- १५ दिनभित्र<br>• आवश्यकताअनुसार अध्यावधिक गर्ने |

| | | | | |
|---|---|---|---|---|
| ६ | तयार प्रतिवेदन जिविव्यस, अन्य क्षेत्र, नेपाल सरकार र अन्य सरोकारवालालाई उपलब्ध गराउने | क्षेत्र प्रमुख | क्षेत्रका सदस्य | नियमित रूपमा |
| ७ | प्रारम्भिक जानकारी तथा तयार प्रतिवेदनका आधारमा आपतकालीन मानवीय सहयोग उपलब्ध गराउन निम्न प्रक्रिया पूरा गर्ने :<br>क. तत्काल उपलब्ध गराउनु पर्ने मानवीय सहयोगको प्राथमिकता निर्धारण,<br>ख. प्रभावकारी कार्यान्वयन गर्नका लागि सम्बन्धित क्षेत्रहरू (Clusters)लाई सल्लाह र सुझाव दिने ।<br>ग. बाढी आउनासाथ उपकरणसहित खोज तथा उद्धार कार्यदल परिचालन गराउने<br>घ. सुरक्षा क्षेत्रसँग समन्वय गरी मानवीय सहयोगमा संलग्न संस्था तथा व्यक्तिलाई सुरक्षा उपलब्ध गराउने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख तथा सदस्य | बाढी आउनासाथ<br>० (शून्य) घण्टादेखि नै प्राथमिकता निर्धारण गर्ने काम गर्ने) |
| ८ | सहयोगको कार्यतालिका अध्यावधिक गर्न निम्न कार्य गर्ने:<br>● मिरा (MIRA) बाट प्राप्त सूचना तथा तथ्याङ्कको विश्लेषण<br>● क्षेत्रगत समूहका लागि सहयोगको थप कार्यतालिका तयारी,<br>● क्षेत्रका सदस्य, जिविव्यस प्रकोप उद्धार समिति तथा अन्य सरोकारवालालाई अध्यावधिक कार्यतालिका उपलब्ध गराउने | क्षेत्र प्रमुख तथा<br>तोकिएका क्षेत्रका सदस्य | जिसस<br>नेरेसो<br>अ/गैसस<br>दातृ तह | ५-७ दिनभित्र<br>७ दिनभित्र<br>७ दिनभित्र |
| ९ | स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजना (Clustereral) को समीक्षा गर्ने | क्षेत्र प्रमुख | जिसस<br>क्षेत्र अगुवाहरू | ७ दिनभित्र |
| १० | नियमित सूचना प्रवाहका लागि गाउँपालिका तहको सूचना तथा समन्वय समितिसँग नियमित सम्पर्क कायम गर्ने । | जिसस | गाउँपालिका प्रमुख | पहिलो हप्ता प्रत्येक दिन, त्यसपछि आवशयकताअनुसार |
| ११ | मानवीय सहयोगका लागि तयारी अवस्थामा राखिएका खानेपानी, सरसफाइ तथा स्वच्छताम्बन्धी सम्झौता (Standby Agreements) कार्यान्वयन गर्ने | क्षेत्र प्रमुख | सबै क्षेत्र प्रमुख तथा जिममेवारी तोकिएको सदस्य | ७-१० दिन |
| १२ | मानवीय सहयोगको अनुगमन गर्ने र सुधार का लागि पृष्ठपोषण (Feedback) लिने तथा दिने | क्षेत्र प्रमुख | अन्य क्षेत्र प्रमुख | नियमित रूपमा |
| १३ | आपतकालीन सूचना प्राप्त गर्न र प्रवाह गर्न जिससको सूचना केन्द्रको प्रयोग गर्ने | जिसस | जिविव्यस | नियमित रूपमा |

| | | | | |
|---|---|---|---|---|
| १४ | राहत वितरणलाई निर्विवाद बनाउन राजनीतिक दलहरूको सहभागितलाई अनिवार्य गराउने | जिविव्यस | जिसस,<br>गाउँपालिका | प्रारम्भदेखि नै |
| १५ | विस्थापितलाई परिचयपत्र वितरण गर्ने | जिविव्यस | अन्य क्षेत्र | आवश्यकता अनुसार वा शिविर स्थापना हुनासाथ |
| ख | अन्तरिम अवधिका लागि मानवीय सहयोग उपलब्ध गराउन गर्नु पर्ने क्रियाकलाप ३० दिन पछिको लागि | | | |
| १६ | क्षेत्रगत समन्वय बैठक र सहयोग परिचालन<br>क. क्षेत्रगत बैठक<br>ख. बहुक्षेत्रीय बैठक | जिविव्यस | क्षेत्रका प्रमुख<br>सरोकारवाला तह तथा संस्था | आवश्यकता अनुसार |
| १७ | क्षेत्रगत (Cluster)समन्वय बैठक | क्षेत्रगत प्रमुख | जिविव्यस<br>जिसस | हप्तामा एक पटक |
| १८ | आवश्यकताको विस्तृत लेखाजोखा र विश्लेषण गरी आवश्यकता अनुसार प्रतिकार्य गर्ने | क्षेत्र प्रमुख | जिसस, क्षेत्रका सदस्य राजनीतिक संयन्त्र अ/गैसस | १५-२१ दिन |
| १९ | निर्धारित अवधिका लागि स्रोतहरूको पहि(चान, विश्लेषण र परिचालन गर्ने : | क्षेत्र प्रमुख | जिविव्यस, सरकार<br>दातृ तह | १५ दिनसम्म |
| २० | अन्तरिम अवधिका लागि मानवीय सहयोगसम्बन्धी क्रियाकलाप पहिचान गरी काम गर्ने क्षेत्रहरू परिचालन गर्न समन्वय गर्ने | क्षेत्र प्रमुख | जिसस क्षेत्रका सदस्य, अ/गैसस | विपद्को स्वरुप र उत्पन्न परिस्थितिका आधारमा सरकारको निर्देशनमा सहयोग परिचालन गराउने |
| २१ | प्रतिवेदनलाई अद्यावधिक पार्ने | क्षेत्र प्रमुख | जिविव्यस, जिसस<br>सुरक्षा तह | हप्तामा एक पटक |
| २२ | मानवीय सहयोगको अनुगमन | क्षेत्रप्रमुख | जिसस, जिविव्यस | नियमित रूपमा |
| ग | लामो समय मानवीय सहयोग उपलब्ध गराउनु परेमा (९० दिनभन्दा बढी अवधिका लागि) | | | |
| २३ | अवस्थाको विश्लेषण गरी क्षेत्र र सरकारसँग समन्वय गर्दै आवश्यक निर्णय गर्ने | क्षेत्र प्रमुख | जिविव्यस<br>सरकार | |

### ४.१.१.५ सूचना, समन्वय सर्भेको अतिरिक्त क्रियाकलाप

सूचना, समन्वय तथा सर्भे क्षेत्रले गर्नु पर्ने उपरोक्त कामको साथै निम्न कामहरू नियमित रूपमा सञ्चालन गर्नेछ :

- क्षतिग्रस्त स्थानहरूको स्थलगत अध्ययन गरी क्षति भएको भौतिक संरचना, कृषि बाली, पशुपक्षी, मानवीय क्षतिको सम्भव भएसम्म तस्वीरसहित विवरण तोकिएको ढाँचामा सङ्कलन गर्ने, गराउने,
- समय समयमा क्षेत्रहरूको संयुक्त बैठकको आयोजना गरी विपद्को अवस्थाबारे समीक्षा गर्ने,
- प्रकोप प्रभावितहरू को को हुन् ? पहिचान गरी अस्थायी परिचय पत्र उपलब्ध गराउन पहल गर्ने,
- गाउँपालिकास्तरमा गठन हुने स्थानीय विपद् व्यवस्थापन समिति र पूर्व चेतावनी प्रणाली समन्वय समितिलाई सक्रिय बनाई पूर्व सूचना प्रणाली स्थापनाका लागि पहल गर्ने,

- सत्य तथ्य सूचनाहरू समय समयमा सार्वजनिक गर्न पत्रकार सम्मेलन तथा प्रेस विज्ञप्ति जारी गर्ने,
- सूचना सङ्कलन र प्रसारण कार्यलाई व्यवस्थित गर्न जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना गर्ने,
- प्रकोपका कारण सञ्चार माध्यम अवरुद्ध वा क्षतिग्रस्त भएमा वैकल्पिक सञ्चार माध्यमको व्यवस्था गर्ने ।

### ४.१.१.६ सूचना, समन्वय सर्भेको बजेट अनुमान

सूचना, समन्वय तथा सर्भे क्षेत्रको लागि निम्नअनुसार बजेट आवश्यक पर्ने अनुमान गरिएको छ :

| क्र. सं. | सामग्री वा क्रियाकलाप तथा कार्य | इकाई | परिणाम | दर (रु.) | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क्षेत्रहरूबीच समन्वय बैठक | पटक | २ | ५,०००/- | १००००।०० | |
| २ | सबै स्थानीय तहमा तथा स्थानीय विपद् व्यवस्थापन समिति गठन | स्थानीय तह | १० | २५,०००/- | २५००००।०० | |
| ३ | बाढी तथा पहिरो आएको अवस्थामा गरिने समन्वय बैठक | पटक | १५ | २,०००/- | ३००००।०० | |
| ४ | प्रारम्भिक द्रूत लेखाजोखा र बहुक्षेत्र द्रूत लेखाजोखा तालिम सञ्चालन | पटक | २ | ६०,०००/- | १२००००।०० | |
| ५ | प्रारम्भिक द्रूत लेखाजोखा र बहुक्षेत्र द्रूत लेखाजोखा फाराम छपाइ | सेट | ५,००० | १०/- | ५००००।०० | |
| ५ | उच्च सङ्कटासन्न गाउँपालिकामा पूर्व चेतावनी प्रणालीका सामग्रीको बन्दोवस्त | गाउँपालिका | ६ | ५०,०००/- | ३०००००।०० | |
| ६ | बाढी र यसबाट बच्ने उपायबारे जनचेतना अभिवृद्धिका लागि (पोष्टर, पर्चा तथा पाठ्य सामग्रीको प्रकाशन तथा वितरण) | गाउँपालिका | ६ | २५,०००/- | १५००००।०० | |
| ७ | बहुक्षेत्र द्रूत लेखाजोखा र प्रतिवेदन तयारी (कार्यदल परिचालन) | पटक | २ | ७५,०००/- | १५००००।०० | |
| ८ | आधार रेखा सर्भे तथा तथ्याङ्क विश्लेषण | पटक | १ | १,२५,०००/- | १२५०००।०० | |
| ९ | नियमित प्रतिवेदन तयारी तथा वितरण | दिन | ३० | २,०००/- | ६००००।०० | |
| १० | क्षेत्रगत कार्यहरूको अनुगमन तथा मूल्याङ्कन कार्यदल परिचालन | पटक | ३ | २५,०००/- | ७५०००।०० | |
| ११ | विस्थापितका लागि परिचयपत्र छपाइ | थान | ५,००० | ५/- | २५०००।०० | |
| १२ | मसलन्द सामान | सेट | १ | २०,०००/- | २००००।०० | |
| १३ | सङ्कटासन्न गाउँपालिकाहरूको वास्तविकता चित्रित गर्ने वृत्तचित्र तयारी | थान | १ | ७५,०००/- | ७५०००।०० | |
| १४ | प्रत्येक सङ्कटासन्न गाउँपालिकाको लागि सूचना संप्रेषणका लागि वैकल्पिक माध्यम मोबाइलको सेट र सीम | थान | २१ | ५,०००/- | १०५०००।०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | जिससको सूचना केन्द्रको सुदृढीकरण<br>जनशक्ति- १ (३ महिनाको लागि)<br>कम्प्युटर प्रणाली<br>टोलफ्री टेलिफोन<br>फोटोकपी मेसिन<br>फ्याक्स मेसिन<br>डिजिटल तथा भिडिओ कयामरा<br>मोटरसाइकल<br>इमेल, इन्टरनेट, फर्निचर | सेट | १ | ६,००,०००/- | ६०००००।०० | |
| १७ | तथ्याङ्क व्यवस्थापन तथा समीक्षा बैठक | पटक | ३ | ५,०००/- | १५०००।०० | |
| १८ | आपतकालीन योजना तथा अन्य प्रतिवेदनहरू छपाई | प्रकार | ३ | ३५,०००/- | १०५०००।०० | |
| १९ | एफएमबाट बाढीपहिरो सम्बन्धी सूचनामूलक सन्देश प्रचारप्रसार | सन्देश/<br>पटक | | | ४००००।०० | |
| २० | पत्रकार सम्मेलन | पटक | ५ | १,०००/- | ५०००।०० | |
| १६ | यातायात तथा विविध | एकमुष्ट | १ | १,५०,०००/- | १५००००।०० | |
| | जम्मा | | | | २४६००००।०० | |

## ४.१.१.७ भूकम्पको क्षेत्रमा पूर्व तयारी तथा प्रतिकार्य योजना

**विषय विषयगत उद्देश्य** :

समन्वय, सूचना सङ्कलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

| विपद् पछिको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था सम्बोधन गर्न गरिने पूर्व तयारी कार्य | खाडलको पहिचान | मुख्य जिम्मे वार तह | पूर्व तयारी अनुमानित लागत |
|---|---|---|---|---|---|
| पहिलो दिन | जिल्ला विपद् व्यवस्थापन समितिको समन्वय बैठक आयो जना गर्ने | विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्र स्थापना गर्ने । | प्रभावकारी नभएको | क्षेत्र प्रमुख, जिविव्यस | १०,००० |
| | द्रूत लेखाजोखा गरी तत्कालीन मानवीय सहयोगको लागि सूचना सङ्कलन गर्ने | खण्डीकृत तथ्याङ्क तयारी | दक्ष जनशक्तिको अभाव | क्षेत्रका सदस्यहरू र | ५०,००० |
| | राहत तथा उद्धार टोलीलाई घटनास्थलमा परिचालन | सुरक्षा तहका कर्मचारी रेडक्रसका स्वयम्सेवक र अन्यलाई खोजी तथा उद्धार सम्बन्धी तालिम | तालिम प्राप्त जनशक्ति कमी | जिविव्यस, खाद्य क्षेत्र | १००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| दोस्रो दिन | विषयगत क्षेत्रको वैठक | विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्रस्थापना गर्ने | प्रभावकारी नभएको | क्षेत्र प्रमुख, जिविव्यस | १०,००० |
| | समन्वय संयन्त्रको स्थापना | | | क्षेत्र प्रमुख, जिविव्यस | ० |
| | आपतकालको अवस्था हेरी यो वैठक दैनिक सञ्चालन गर्दछन् | | | क्षेत्र प्रमुख, जिविव्यस | ० |
| | जिल्लामा कार्यरत तहको स्रोत साधनको आंकलन गर्ने, | जनगणना तथ्याङ्क तयारी<br>बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखा जोखा तालिम | दक्ष जनशक्तिको अभाव | क्षेत्र प्रमुख, जिविव्यस | ० |
| | बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखा जोखा सञ्चालन गर्ने | | | क्षेत्र प्रमुख, जिविव्यस | ५०,००० |
| | आवश्यकता लेखाजोखा र खाडल पहिचान गरी विषयगत क्षेत्रले घटनाको वस्तुगत विवरण तयार गर्ने | | | क्षेत्र प्रमुख, जिविव्यस | २५,००० |
| | जिल्लाको साझा घटना वस्तुगत विवरण तयार गर्ने | | | क्षेत्र प्रमुख, जिविव्यस | २५,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| पहिलो हप्ता | • मिरा (MIRA)बाट सूचना सङ्कलन तथा तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयार पार्ने<br>• प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको अवस्था र स्रोतको समीक्षा गर्ने<br>• जिल्लामा उपलब्ध उद्धार तथा अन्य प्रतिकार्यसम्बन्धी सेवा, क्षमता र उद्धार सामग्रीको अवस्थाको समीक्षा तथा क्षेत्रगत समूहको लागि सहयोगको थप कार्यतालिका तयारी गर्ने<br>• नपुग स्रोत तथा साधनको यकीन गर्न प्रतिवेदनमार्फत सबै क्षेत्रलाई उत्प्रेरित गर्ने | बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा तालिम सञ्चालन गर्ने | तालिम प्राप्त जनशक्ति कमी | सबै क्षेत्र, जिविव्यस, प्लान नेपाल | १००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| पहिलो हप्ता | • मिरा (MIRA)बाट सूचना सङ्कलन तथा तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयार पार्ने<br>• प्रभावित क्षेत्रमा विद्यमान सार्वजनिक सेवा उपलब्ध गराउने संस्थाहरूको अवस्था र स्रोतको समीक्षा गर्ने<br>• जिल्लामा उपलब्ध उद्धार तथा अन्य प्रतिकार्य सम्बन्धी सेवा, क्षमता र उद्धार सामग्रीको अवस्थाको समीक्षा तथा क्षेत्रगत समूहको लागि सहयोगको थप कार्यतालिका तयारी गर्ने<br>• नपुग स्रोत तथा साधनको यकीन गर्न प्रतिवेदनमार्फत सबै क्षेत्रलाई उत्प्रेरित गर्ने | बहुक्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा तालिम सञ्चालन गर्ने | तालिम प्राप्त जनशक्ति कमी | सबै क्षेत्र, जिविव्यस, प्लान नेपाल | १००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| पहिलो महिना | स्रोतहरूको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा | विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्रस्थापना गर्ने<br><br>आवश्यक फारम र अन्य कागजात छपाई<br><br>विपद् पूर्व तयारी बारेमा राजनैतिक नेता तथा नागरिक समाजका सदस्यलाई अभिमुखीकरण तालिम सञ्चालन गर्ने । | आर्थिक तथा प्राविधिक ज्ञानको कमी<br><br>प्रकोपका बारेमा कम जानकारी र चासो | सबै क्षेत्र, जिविव्यस | १०,००० |
| | नियमित सूचना प्रवाहका लागि गाउँपालिका तहको सूचना तथा समन्वय समितिसँग नियमित सम्पर्क कायम गर्ने | | | क्षेत्र प्रमुख, जिविव्यस | १००,००० |
| | मानवीय सहयोगका लागि तयारी अवस्थामा राखिएका सेखानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सम्झौता कार्यान्वयन गर्ने | | | सबै क्षेत्र, जिविव्यस | ० |
| | मानवीय सहयोगको अनुगमन गर्ने र सुधारका लागि पृष्ठपोषण | | | सबै क्षेत्र, जिविव्यस | १०,००० |
| | आपतकालीन सूचना प्राप्त गर्न र प्रवाह गर्न जिससको सूचना केन्द्रको प्रयोग गर्ने | | | क्षेत्र प्रमुख, जिविव्यस, जिसस | १०,००० |
| | राहत वितरणलाई निर्विवाद बनाउन राजनीतिक दलहरूको सहभागितालाई अनिवार्य गराउने | | | सबै क्षेत्र, जिविव्यस | ० |
| | विस्थापितलाई परिचयपत्र वितरण गर्ने | | | सबै क्षेत्र, जिविव्यस | १००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| दोस्रो महिना | क्षेत्रगत समन्वय बैठक र सहयोग परिचालन | विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्र स्थापना गर्ने | सरकारी तथा गैर सरकारी तहमा प्रकोप सम्बन्धी दक्ष जनशक्तिको कमी | क्षेत्र प्रमुख, जिविव्यस | १०,००० |
| | आवश्यकताको विस्तृत लेखाजोखा र विश्लेषण गरी आवश्यकता अनुसार प्रतिकार्य गर्ने | | | सबै क्षेत्र, जिविव्यस | १०,००० |
| | निर्धारित अवधिको लागि स्रोतहरूको पहिचान, विश्लेषण र परिचालन गर्ने | | | सबै क्षेत्र, जिविव्यस | ० |
| | अन्तरिम अवधिका लागि मानवीय सहयोगसम्बन्धी क्रियाकलाप पहिचान गरी काम गर्नेक्षेत्रहरू परिचालन गर्न समन्वय गर्ने | | | सबै क्षेत्र, जिविव्यस | ० |
| | प्रतिवेदनलाई अद्यावधिक पार्ने | | | क्षेत्र प्रमुख, जिविव्यस | १०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| तेस्रो महिना | आवश्यकताको विस्तृत लेखाजोखा र विश्लेषण गरी आवश्यकता अनुसार प्रतिकार्य र थप योजना तयार गर्ने | विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्रस्थापना गर्ने | विपद्को योजना सम्बन्धी कम जानकारी | सबै क्षेत्र, जिविव्यस | १०,००० |
| | मानवीय सहयोगको निरन्तरता | | | सबै क्षेत्र, जिविव्यस | ० |
| | मानवीय सहयोगको अनुगमन | | | सबै क्षेत्र, जिविव्यस | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| सो भन्दा बढी | मानवीय सहयोगको निरन्तरता | विषयगत क्षेत्रभित्र र वाहिर समन्वय गर्ने संयन्त्र स्थापना गर्ने | व्यवहारमा प्रयोग नभएको | सबै क्षेत्र, जिविव्यस | ० |
| | अवस्थाको विश्लेषण गरी क्षेत्र र सरकारसँग समन्वय गर्दै आवश्यक निर्णय गर्ने | | | सबै क्षेत्र, जिविव्यस | ० |
| | थप सहयोगको योजना तथा दीर्घकालीन विकास सम्बन्धी योजना तयार | | | सबै क्षेत्र, जिविव्यस | १५०,००० |
| जम्मा | | | | | ८५०००० |

## ४.१.२ खोज तथा उद्धार

**क) उद्देश्य :**

जिल्लाका सङ्कटासन्न गाउँपालिकामा विपद् परेको अवस्थामा प्रभावित मानिसको उद्धार गर्नु र आपतकालीन रूपमा प्राथमिक उपचार गर्नु मानवीय सहयोगको पहिलो कार्य हो । विपद्मा परेका व्यक्तिको खोजी गरी उद्धार गर्नु, घरपालुवा पशुको उद्धार र समुदायको धनसम्पत्तिको सुरक्षा गर्नु यस क्षेत्रको दायित्व हुनेछ ।

**ख) विपद्सम्बन्धी परिस्थिति** : विपद् पछिको सम्भावित मानवीय असर

- सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, विद्युत, आपूर्ति, सञ्चार) नष्ट, हुने,
- व्यक्तिगत र सरकारी पूर्वाधारहरु, आवास ,सम्पत्तिको अस्थायी रूपमा क्षति, बाल-वालिका, महिला,गर्भवती तथा सुत्केरी, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन, हुने,
- विद्यालय, प्रहरी चौकी लगायत विभिन्न सुरक्षा निकाय, कार्यालय र स्वास्थ्यकेन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि परेको चाप,

- सामुदायिक संस्थागत ठाउँहरूको अस्थायी आश्रयस्थलमा खानेपानी, सरसफाइ तथा सामुदायिक स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभाव,
- विपद् पश्चात् माहामारी फैलन सक्ने सम्भावना,
- सामाजिक सद्भाव,सुरक्षा  तथा सम्पतिमा असर पुग्न सक्ने ।

**ग) मानवीय सहयोगका मापदण्ड**

- विपद् लगत्तै उपकरणसहित खोजी तथा उद्धार (SAR) टोली खटाउने र विपद् सम्वन्धी सूचना सङ्कलन ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने,
- सबैलाई न्यायोचित रूपमा प्रभावको आधारमा प्राथमिकीकरण गरी उद्धारकार्यलाई प्रभाकारी बनाउने र सो को अनुगमन गर्ने,
- अवस्था हेरी -आवश्यकतामा आधारित रहेर–मिरा (MIRA)टीम खटाउने,
- परिस्थितिका बारेमा दैनिक विपद् सम्बन्धी विवरण सकलन गर्ने,
- शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM)को अनुगमन तथा विस्तृत विवरण सकलन गर्ने ।
- नियमितरुपमा  समाचार माध्यमका लागि घटना सम्बन्धी वास्विक समाचार पठाउने र सकरात्मक समाचार सम्प्रेसण गर्ने,
- नियन्त्रण तथा मानवीय सहयोगसम्बन्धी मापदण्ड कायम गर्ने सांस्कृतिक, सामाजिक तथा आर्थिक रूपमा स्वीकार गर्न सकिने सामग्री-दाता/सहयोग उपलब्ध गराउने तर सो सस्थाबाट प्रत्यक्ष वितरण गर्न नदिने,
- प्रकाशन उद्धार समितिलाई सक्रिय पार्ने (अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन) ।

**घ) प्राथमिक उपचार :**

- सुरक्षा निकायसँग समन्वय तथा सहकार्यमा प्राथमिकताका आधारमा घाईतेहरुको प्राथमिक उपचार नेपाल रेडक्रस सोसाइटीको स्वयम्सेवक मार्फत गराउने,
- सुरक्षा निकायबाट खटिएका स्वास्थ्य टोलीद्रारा प्राथमिक उपचार तथा थप उपचारका लागि थप व्यवस्था गर्ने,
- प्रकोप प्रभावित स्थलका सबैभन्दा नजिकका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य कार्य सहज बनाउने ।

## ४.१.२.१ खोज तथा उद्धार क्षेत्रसँग रहेको विद्यमान स्रोत तथा क्षमताको विवरण

| क्र.सं. | कार्यालय/ संस्था | मानवीय श्रोत | वजेट | सामग्री |
|---|---|---|---|---|
| १ | श्री पुरानो गोरख गण नेपाली सेना | १ गुल्म | | लाइफ ज्याकेट २६, पिक ५० थान, सावेल, ५० थान, स कटर १ थान, ह्यामर १० थान, गल २ थान, स्ट्रेचर २ थान, बाल्टिन ५ थान, स्टाटीक डोरी २०० मिटर, क्यारेवेना ११, स्क्यु लक ५, नर्मल क्यारेवेना ६, सिट हार्नेस ३ वटा, फुल वड्डी हार्नेस ३ वटा, जुमर २ वटा, प्रोसिक्क डोरी १०० मिटर, थ्रो ब्याग सानो २, थ्रो ब्यग मध्यम १, थ्रो ब्याग ठूलो १, फुल ग्लोवस ५ सेट, हाफ् ग्लोवस १० सेट, हेलमेट १० थान, |
| २ | जिल्ला प्रहरी कार्यालय | २५ जना प्रहरी प्रहरी निरीक्षकको मातहतमा र आवश्यक्ता अनुसार माग गर्न सकिने | | लाइफ ज्याकेट २५, ट्युव २, पिक २३ थान, सावेल २६ थान,  रबर बुट १५ थान, हेल्मेट १५ थान, बञ्चरो छैन, स्टेचर १५ थान, पञ्जा २६ जोर, भऱ्याङ्ग छैन, प्राथमिक उपचार बक्स छैन र डोरी ३ रोल, हेलमेट ३१ थन, कोदालो ८ थान, अग्नी समक यन्त्र २ थान, आरा २ थान, घन १३ थान र गन ४ थान । |

| | | | | |
|---|---|---|---|---|
| ३ | इलाका प्रहरी कार्यालय फापर बारी | १५ जना प्रहरी प्रनानीको मातहतमा | | लाइफ ज्याकेट २, ट्युव १, पिक १ थान, सावेल १ थान, फलामको बाल्टिन २ थान, रबर बुट २ जोर, हेल्मेट १ थान, सर्च लाइट बैट्री सहित १ थान, ह्याक्सो ब्लेड ३ थान, डोरी ठूलो रोल १, प्राथमिक उपचार सामग्री सहितको बाकस १ को सेट एक थान प्लान नेपालको आर्थिक सहयोगमा सामुदायिक ऊर्जा तथा पर्यावरण विकास मञ्च, मकवानपुरले उपलब्ध गराएको । |
| ४ | सशस्त्र प्रहरी बल नेपाल नं १४ गण हेडक्वाटर मकवानपुर | स.प्र.नि.को कमाण्डमा १ प्लाटुन ३० जना | | लाइफ ज्याकेट ५ थान, डोरी २ रोल, सावेल ५ वटा, पिक ५ वटा, पञ्जा २० जोर, रबर ट्यूब २ थान, आरा २ थान, स्टेचर २ थान, सेफ्टी हेल्मेट १५ वटा, गमबुट १५जोर, टर्चलाइट १ वटा, कोदालो ४ वटा, बाल्टिन ४ वटा, बन्चरो ४ वटा, खुर्पा ५ वटा, प्लाष्टिक १० केजी, अग्नी समक यन्त्र १ थान |
| क.सं. | कार्यालय/ संस्था | मानवीय श्रोत | वजेट | सामग्री |
| ५ | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा | उद्धारकर्मी ४० जना र प्राथमिक उपचार कर्मी १०० जना | | लाइफ ज्याकेट १०, हेल्मेट २२, डोरी २ मुठा, प्राथमिक उपचार बाकस २० वटा, रबर बुट १० जोर, सावेल ३ थान, पिक ३ थान, गल ३ थान, स्टेचर ३ थान |
| ६ | नेपाल रेडक्रस सोसाइटीले विद्यालयमा आधारित कार्यक्रम अन्तर्गत वितरण गरेको | प्रत्येक विद्यालयमा ४ जनाका दरले तालिम प्राप्त जनशक्ति | | डोरी १ मुठा, प्राथमिक उपचार बाकस २ वटा, रबर बुट ३ जोर, सावेल ३ थान, पिक ३ थान, गल ३ थान, स्टेचर ३ थान र एकवटा ह्याण्ड माइक । |

## ४.१.२.२ पूर्व तयारी कार्ययोजना

| क.सं. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समयावधि |
|---|---|---|---|---|
